श्री कृष्णाय नमः

# श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको
# विधान-२०२३

**(आठौ संशोधन-२०८०)**

प्रमाणीकरण तथा स्वीकृत मिति

बागमती अञ्चलाधीशको अफिसमा प्रथम दर्ता विधान २०२३।०९।०५
जि.प्र.का.काठमाडौंबाट प्रथम संशोधन विधान स्वीकृत मिति २०४७।०४।०९
जि.प्र.का.काठमाडौंबाट दोस्रो संशोधन विधान २०५४ स्वीकृत २०५५।०८।११
जि.प्र.का.काठमाडौंबाट तेस्रो संशोधन २०६२ स्वीकृत मिति २०६२।१०।१४
जि.प्र.का.काठमाडौंबाट चौथो संशोधन २०६५ स्वीकृत मिति २०६५।०९।१८
जि.प्र.का.काठमाडौंबाट पाचौ संशोधन २०६७ स्वीकृत मिति २०६८।०२।१९
जि.प्र.का.काठमाडौंबाट छैटौ संशोधन २०६९ स्वीकृत मिति २०६९।१२।२७
जि.प्र.का.काठमाडौंबाट सातौ संशोधन २०७३ स्वीकृत मिति २०७३।११।२४
जि.प्र.का.काठमाडौंबाट आठौ संशोधन २०८० स्वीकृत मिति २०८०।०९।२५

**प्रस्तावना :**

अक्षरातीत पूर्णब्रह्म परमात्मा श्रीकृष्ण प्रति आस्था र विश्वास राखी सदगुरू श्री देवचन्द्रजी महाराजद्वारा स्थापित एवं महामति स्वामी श्री प्राणनाथजी महाराजद्वारा प्रवर्धित निजानन्द सम्प्रदाय श्रीकृष्ण प्रणामी धर्मको सिद्धान्तद्वारा “सुख शीतल करू संसार, प्रेम सद्भाव सेवा यसका आधार” भन्ने मान्यतालाई साकार पार्ने लक्ष्यका साथ श्रीमत्तारतमवाणी प्रति पूर्ण सद्भाव भएका, निजानन्द सम्प्रदाय श्रीकृष्ण प्रणामी धर्ममा अर्न्तनिहित सिद्धान्त, आचरण, पद्धति र संस्कारमा आस्था राख्ने नेपालका समस्त सुन्दरसाथ एवं प्रणामी समाजका संघ संस्थाहरूलाई एकताबद्ध गरी नेपाली प्रणामी समाजको बृहत्तर हित तथा हिन्दू धर्म र संस्कृतिको संरक्षण, बिस्तार, सम्वर्धन र संस्थागत विकास गर्दै गतिशिलता दिन, विभिन्न वर्ग र समुदाय बीच समन्वय कायम गरी धार्मिक, शैक्षिक तथा सामाजिक सेवा गर्ने उद्देश्यले वि.सं. २०२३ सालमा स्थापना एवं दर्ता भएको श्रीकृष्ण प्रणामी सेवा समिति नेपाललाई निरन्तरता दिई सोही नामबाट संस्थाको गठन, व्यवस्थापन र संचालन गर्न विद्यमान विधान-२०२३ मा समयानुकुल संशोधन गर्न आवश्यक भएकाले संस्था दर्ता ऐन-२०३४ बमोजिम यो विधान बनाईएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो विधानको नाम “श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको विधान-२०२३” रहेको छ ।

(२) यो विधान स्थानीय अधिकारीको स्वीकृति प्राप्त भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा तथा व्याख्याः**

(१) विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस विधानमा,

(क) “संस्था” भन्नाले यस विधान बमोजिम संस्थापित श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल सम्झनु पर्छ ।

(ख) "सदस्य" भन्नाले यस विधानमा व्यवस्था भए अनुसार इकाई, जिल्ला वा केन्द्रीय साधारण सभामा सदस्यको हैसियतमा प्रतिनिधित्व गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले संस्थागत सदस्यको प्रतिनिधिलाई समेत जनाउँछ ।

(ग) "साधारण सभा" भन्नाले संस्था अन्तर्गतका स्थानीय मन्दिर वा स्थानीय सत्संग इकाई सभाको प्रयोजनको निमित्त सो सभाका सदस्यहरूको सभा, जिल्ला स्तरमा जिल्ला सभाका सदस्यहरूको सभा र केन्द्रीय स्तरमा केन्द्रीय सभाका सदस्यहरूको साधारण सभालाई सम्झनु पर्छ ।

(ग१) "अधिवेशन/महाधिवेशन" भन्नाले कार्य समितिको कार्यकाल समाप्त भई निर्वाचन हुने वर्ष जिल्ला, इकाईको साधारण सभालाई अधिवेशन र केन्द्रीय साधारण सभालाई महाधिवेशन भनिनेछ ।

(घ) "कार्य समिति" भन्नाले यस विधानको दफा १५ बमोजिम संस्थाको केन्द्र, जिल्ला र स्थानीय इकाई तहमा गठन भएका कार्य समिति सम्झनुपर्छ ।

(ङ) "केन्द्रीय समिति" भन्नाले यस विधानको दफा १५ (१) बमोजिम गठन भएको संस्थाको केन्द्रीय समिति सम्झनु पर्छ ।

(च) "जिल्ला समिति" भन्नाले यस विधानको दफा १५ (२) बमोजिम गठन भएको संस्थाको जिल्ला स्तरको कार्य समिति सम्झनु पर्छ ।

(छ) "स्थानीय समिति" भन्नाले यस विधानको दफा १५ (३) बमोजिम गठन भएको संस्थाको स्थानीय तहको मन्दिर/आश्रम/सत्संग इकाई संचालन गर्ने कार्य समिति सम्झनु पर्छ ।

(ज) "पदाधिकारी" भन्नाले संस्थाका केन्द्र, जिल्ला र स्थानीय इकाई तहमा गठित कार्य समितिका पदाधिकारी सम्झनु पर्छ र सो शब्दले सम्बन्धित कार्य समितिका सदस्यलाई समेत जनाउँदछ ।

(झ) "सल्लाहकार समिति" भन्नाले यस विधानको दफा २४ बमोजिम गठित सल्लाहकार समिति सम्झनु पर्छ ।

(ञ) "भातृ तथा भगिनी संस्था" भन्नाले श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल, श्रीकृष्ण प्रणामी वाईजूराज महिला समिति नेपाललाई जनाउनेछ र सो शब्दले केन्द्रीय समितिले भातृ तथा भगिनी संस्था भनी तोकेको अन्य संस्थालाई समेत जनाउनेछ ।

(ट) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारी (प्र.जि.अ.) सम्झनुपर्छ र सो शव्दले प्रचलित कानून बमोजिम स्थानीय अधिकारीले गर्ने काम गर्न तोकिएको व्यक्ति समेतलाई जनाउनेछ ।

(ठ) "संस्थागत सदस्य" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई यस विधान बमोजिम संस्थाको सदस्यता प्राप्त गरेको संगठित संस्था सम्झनु पर्छ ।

(ड) “नवतनधाम” भन्नाले काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा.वडा नं.-८ मा निर्मित श्रीकृष्ण प्रणामी धर्मका अनुयायीहरूको मूख्य धाम (मन्दिर) र अन्य संरचना सम्झनु पर्छ ।

(ड१) “मूक्तिधाम” भन्नाले यस विधानको दफा २४ को उपदफा १(क) बमोजिमको धाम सम्झनु पर्दछ ।

(ढ) “सुन्दरसाथ” भन्नाले श्रीकृष्ण प्रणामी धर्मालम्बी अर्थात यस धर्मका अनुयायी सम्झनु पर्छ ।

(ण) “तोकिए” वा “तोकिए बमोजिम” भन्नाले संस्थाले यस विधानको अधीनमा रही बनेका नियम वा विनियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ र त्यसरी नियम वा विनियमहरूमा नतोकिएका कुराहरू कार्य समितिले निर्णय गरी तोकिदिएको वा तोकिदिए बमोजिम सम्झनु पर्दछ ।

(त) “सहयोगी सदस्य” भन्नाले यस विधानको दफा ९ को उपदफा (५) मा उल्लेखित सनातन हिन्दु धर्म सिद्धान्त प्रति आस्थावान रही धार्मिक तथा सामाजिक कार्यमा कम्तिमा ५ वर्ष सेवा कार्य गरेका संस्थाहरूले यस संस्थासंग सहकार्य गर्न इच्छुक सहयोगी सदस्यलाई बुझिने छ ।

(२) यस विधानमा उल्लेखित शब्द तथा वाक्यांशको अन्तिम व्याख्या गर्ने अधिकार केन्द्रीय समितिलाई हुनेछ । तर त्यस्तो व्याख्या गर्दा प्रचलित नेपाल कानूनको अधीनमा रही व्याख्या गरीनेछ ।

## ३. संस्थाको नाम, छाप र झण्डा :

(१) श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको नामबाट संस्थाको स्थापना गरीएको छ । अंग्रेजीमा Shree Krishna Pranami Sewa Samiti Nepal भनिनेछ ।

(२) संस्थाको काम कारवाहीका निमित्त संस्थाको नाम र स्थापना वर्ष अंकित एउटा छुट्टै छाप हुनेछ । त्यस्तो छाप नेपाली वा अंग्रेजी वा दुबै अक्षरमा हुनेछ ।

(३) संस्थाको केन्द्रीय समितिले आफ्नो छुट्टै लोगो बनाई राख्न सक्नेछ ।

(४) संस्थाको आफ्नो एक झण्डा हुनेछ, त्यस्तो झण्डा स्थानीय अधिकारीको स्वीकृति प्राप्त गरी प्रयोग गरीनेछ ।

(५) उपदफा (२), (३) र (४) बमोजिमको छाप, लोगो झण्डाको नमूना (ढाँचा) अनुसूचि १ मा उल्लेख भए बमोजिम हुनेछ ।

## ४. संस्थाको कार्यालय :

(१) संस्थाको केन्द्रीय कार्यालय काठमाडौं जिल्ला, कागेश्वरी मनोहरा न.पा.वडा नं.-८ स्थित श्री नवतनधाममा रहनेछ ।

(२) संस्थाले स्थानीय अधिकारीको स्वीकृति लिई केन्द्रीय कार्यालय सार्न सक्नेछ ।

(३) संस्थाले प्रचलित कानूनको अधीनमा रही स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राज्यभित्र वा वाहिर शाखा कार्यालय वा सम्पर्क कार्यालय खोल्न तथा कार्य क्षेत्र विस्तार गर्न सक्नेछ ।

## ५. संस्था स्वशासित र संगठित हुने :

(१) संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, खरीद गर्न, बिक्री गर्न, प्रयोग गर्न, भाडामा लिन दिन वा अन्य कुनै प्रकारले व्यवस्था गर्न सक्नेछ ।

(३) संस्थाले आफ्नो नामबाट नालिस उजुर दिन, प्रतिवाद गर्न र संस्था उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(४) यो संस्था मुनाफा रहित जनहितकारी धार्मिक, शैक्षिक तथा सामाजिक संस्था हुनेछ ।

## परिच्छेद - २

## संस्थाको उद्देश्य, निर्देशक सिद्धान्त, कार्यनीति तथा काम, कर्तव्य र अधिकार

## ६. संस्थाको उद्देश्य :

प्रचलित नेपाल कानून र नेपाल सरकारको नीति निर्देशनको अधीनमा रही कार्य गर्ने गरी संस्थाका उद्देश्यहरू निम्न बमोजिम हुनेछन् :-

(१) श्रीकृष्ण प्रणामी धर्म (निजानन्द सम्प्रदाय) तथा यसका मूल्य, मान्यता र सिद्धान्तको सम्वर्धन र संरक्षण गर्ने ।

(२) सात्विक तथा अहिंसावादी हिन्दू धर्मको सम्वर्धन, संरक्षण र विकास गर्ने गराउने ।

(३) श्रीकृष्ण प्रणामी समाजद्वारा स्थापित मन्दिर, सत्संग केन्द्र तथा आश्रमहरूको संरक्षण र सम्वर्धन गर्ने ।

(४) विभिन्न धर्म सम्प्रदाय बीच समन्वय तथा सद्भाव कायम गर्ने ।

(५) बाल आश्रम, वृद्ध/वृद्धा आश्रम, अनाथालय आदि निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(६) धार्मिक तथा शैक्षिक समन्वयात्मक विकासका लागि पुस्तकालय, वाचनालय, शोध संस्थान तथा विद्यालय/महाविद्यालयको स्थापना, संचालन र व्यवस्थापन गर्ने ।

(७) धार्मिक लेख, अभिलेखहरू संकलन गर्ने, अध्ययन, अनुसन्धान गर्ने गराउने, धार्मिक पुस्तक, पत्र-पत्रिका र रचनाहरू प्रकाशित गर्ने गराउने ।

(८) समाजमा आध्यात्मिक, नैतिक र आचरण सम्वन्धी मूल्य र मान्यता स्थापित गर्न प्रयत्नशील रहने ।

(९) माथि उल्लेखित उद्देश्य प्राप्तिका लागि आवश्यक र सहायक हुने अन्य कामहरू गर्ने ।

## ७. संस्थाका निर्देशक सिद्धान्त, कार्यनीति तथा काम, कर्तव्य र अधिकारः

(१) सेवा, सद्भाव र प्रेमबाट अभिप्रेरित श्रीकृष्ण प्रणामी धर्मको उत्थान तथा सुसंस्कृत समाजको सृजना गर्नु संस्थाको मूल लक्ष हुनेछ र त्यसका लागि संस्थाले निम्न सिद्धान्त अवलम्बन गर्नेछ :-

(क) अहिंसा परमोधर्मको शाश्वत सन्देशलाई व्यापक बनाउदै अहिंसाको सन्देश फैलाउने ।

(ख) विश्ववन्धुत्वको सिद्धान्तको अवलम्बन तथा प्रबर्धन गर्ने ।

(ग) निजानन्द सम्प्रदायका मूल्य, मान्यता, सिद्धान्त र आचरण तथा पद्धतिलाई अनुसरण गर्न प्रोत्साहित गरी शुद्ध सात्विकताको सन्देश फैलाउने ।

(घ) सुन्दरसाथ (निजानन्द सम्प्रदाय) मा आपसी सद्भाव, प्रेम, समन्वय र सहयोगको वातावरण कायम राख्ने ।

(२) संस्थाले सहभागिता मूलक र पारदर्शी कार्य प्रणाली अवलम्बन गर्दै संस्थाका जिल्ला तथा स्थानीय स्तरका समितिहरूमा उत्तरदायित्व सुम्पी अधिकारको विकेन्द्रित पद्धति अवलम्बन गर्ने नीति लिनेछ ।

(३) यस विधानको दफा ६ र यसै दफाको उपदफा (१) र (२) तथा प्रचलित कानूनको अधीनमा रही संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संस्था अन्तरगतका विभिन्न मन्दिरहरूमा पूर्णब्रम्ह परमात्मा अक्षरातीत श्रीकृष्णको नित्य सेवा पूजाका निमित्त आवश्यक व्यवस्था गर्ने ।

(ख) श्रीकृष्ण प्रणामी मन्दिरहरूको निर्माण, संरक्षण तथा सम्वर्धन गर्ने ।

(ग) धार्मिक आचरण तथा नैतिक कर्म सम्वन्धी उपदेशहरू समय सापेक्ष, सरल र स्पष्ट गरी समाजमा आध्यात्मिकता प्रति अभिरूचि जगाउने ।

(घ) धार्मिक सभा, सम्मेलन, गोष्ठि, धार्मिक प्रवचन कार्यक्रम, सप्ताह, तथा पाठपारायण आदिको आयोजना, संचालन तथा व्यवस्थापन गर्ने ।

(ङ) विभिन्न धर्म सम्प्रदायहरू बीच धार्मिक सहिष्णुता र आपसी सहयोगका लागि सम्पर्क एवं समन्वय गरी धार्मिक तथा सामाजिक कार्यक्रमहरूको आयोजना गर्ने ।

(च) श्रीकृष्ण प्रणामी धर्म सम्वन्धी विभिन्न ग्रन्थहरूको, अध्ययन तथा अनुसन्धान गर्ने र श्रीकृष्ण प्रणामी धर्म (निजानन्द सम्प्रदाय) सम्वन्धी ज्ञान सर्व-साधारणमा पुऱ्याउने ।

(छ) श्रीकृष्ण प्रणामी धर्मका सिद्धान्त, संस्कार, आचार पद्धति, सेवा पूजा लगायत विभिन्न धर्म ग्रन्थहरूको प्रशिक्षण सम्वन्धी कार्यक्रम बनाई लागू गर्ने ।

(ज) धार्मिक ग्रन्थहरूको संकलन गरी पूस्तकालय स्थापना, संचालन र व्यवस्थापन गर्ने ।

(झ) वृद्ध/वृद्धाश्रम, अनाथाश्रम, धार्मिक प्रतिष्ठान आदिको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(ञ) प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त गरी विद्यालय, महाविद्यालय आदिको स्थापना तथा संचालन गर्ने र यस्ता शिक्षण संस्थाहरूका पाठ्यक्रममा आध्यात्मिक तथा नैतिक शिक्षालाई समाविष्ट गर्ने ।

(ट) मद्यपान, धूम्रपान लगायत दुर्व्यसन हटाउने र “अहिंसा परमो धर्म” को आध्यात्मिक भावना अभिवृद्धि गर्ने ।

(ठ) साधु, सन्त र असहायका निमित्त यथोचित सेवा, संरक्षण तथा सहयोग पुऱ्याउने ।

(ड) श्रीकृष्ण प्रणामी धर्म सम्वन्धी पुस्तक, पत्रपत्रिका तथा लेखहरू प्रकाशित गर्ने गराउने ।

(ढ) गरीब तथा असहायहरूको उत्थान, महिलाहरूको सबलीकरण, पर्यावरणको संरक्षण, शिक्षा तथा स्वास्थ्य सेवा लगायत विभिन्न सामाजिक सेवाका कार्यक्रमहरू संचालन गर्ने गराउने ।

(ण) संस्थाका लागि स्वदेशी वा विदेशी संस्था, विदेशी सरकार वा अन्य राष्ट्रिय संघ संस्थाहरूसँग नगद, जिन्सी वा अन्य सहयोग प्राप्त गर्ने ।
तर विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थासँग सहयोग लिदा नेपाल सरकारद्वारा निर्धारित प्रक्रिया पूरा गरेर मात्र त्यस्तो सहयोग लिईने छ ।

(त) संस्थाको कामको सिलसिलामा कुनै पनि संघ, संस्था, अधिकारी वा निकायसँग सम्पर्क राख्ने, समन्वय गर्ने ।

(थ) जनसेवाको लागि संस्थाले एम्बुलेन्स सेवा तथा शव-वाहान सेवा संचालन गर्ने गराउने ।

(द) जनहित एवं सामाजिक सुधारका लागि संस्थाले स्वास्थ्य शिबिर, दन्त शिबिर, आँखा शिविर, नैतिक शिक्षा शिबिर जस्ता बिभिन्न कार्यक्रम संचालन गर्ने गराउने ।

(ध) संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक र सहयोग पुग्ने सबै प्रकारका काम गर्ने गराउने छ ।

## परिच्छेद - ३
## सदस्यता सम्वन्धी व्यवस्था

### ८. संस्थाको सदस्यता :

(१) अक्षरातीत पूर्णब्रम्ह परमात्मा श्रीकृष्णप्रति समर्पित एवं श्रीकृष्ण प्रणामी धर्मावलम्वी कुनै पनि सुन्दरसाथ वा सुन्दरसाथद्वारा स्थापित संस्था यस संस्थाको सदस्य हुन चाहेमा यस विधानको दफा १० को अधीनमा रही सदस्य हुन सक्नेछ ।

(२) सदस्य हुन नेपाली नागरीक हुनुपर्नेछ ।
तर, यस विधान बमोजिम साधारण सभाको सदस्यता प्राप्त नगरेको व्यक्ति साधारण सभामा उपस्थित हुन र भाग लिन पाउने छैन ।

### ९. सदस्यताको प्रकार :

(१) संस्थामा व्यक्तिगत (प्राकृतिक व्यक्ति) र संस्थागत सदस्य रहनेछन् ।

(२) व्यक्तिगत सदस्य निम्न प्रकारका हुनेछन् :-
- (क) साधारण सदस्य
- (ख) आजीवन सदस्य र
- (ग) मानार्थ सदस्य

(३) संस्थागत सदस्य देहाय बमोजिम हुनेछन् :-
- (क) भातृ भगिनी संस्था
- (ख) एकल संस्था
- (ग) शाखाहरू (Network) भएको संस्था

(४) यो विधान प्रारम्भ हुनु भन्दा अगाडि सदस्यता प्राप्त गरेका व्यक्तिहरूले पनि साधारण सभामा भाग लिन यस विधानमा व्यबस्था भए बमोजिम सदस्यता प्राप्त गरेको हुनुपर्नेछ । तर यो विधान लागु हुनुपहिले आजीवन तथा संरक्षक सदस्यको रूपमा सदस्यता प्राप्त गरीसकेका सुन्दरसाथहरूले आफ्नो सदस्यताको प्रमाण पेश गरी सदस्यता अध्याबधिक गराउनु पर्नेछ र त्यसको निमित्त शुल्क लाग्ने छैन ।

(५) संस्थासँग सम्पर्क सद्भाव कायम राख्न सदस्यता लिन चाहने व्यक्ति वा संस्थालाई सहयोगी सदस्यता (Associate Membership) दिन सकिनेछ ।

"तर त्यस्ता सहयोगी सदस्यलाई साधारण सभामा भाग लिने र मतदान गर्ने अधिकार हुने छैन ।"

## १०. <u>सदस्यता शूल्क र  सदस्यता प्रदान गर्ने बिधि</u> :

(१) व्यक्तिगत सदस्यता देहाय बमोजिम प्रदान गरीनेछ :

(क) स्थानीय मन्दिर वा सत्संग इकाई समितिको सदस्य हुन चाहने सुन्दरसाथले सो मन्दिर वा सत्संग इकाई समितिमा रू.१००/- सदस्यता शुल्क (तीन वर्षका लागि) बुझाउनु पर्नेछ । यस्तो सदस्यता ३ वर्षसम्म मात्र कायम रहनेछ र त्यसपछि रू.१००।- सदस्यता शुल्क बुझाई सदस्यता समाप्त भएको ३ महिना भित्र नवीकरण गराउनु पर्नेछ । स्थानीय मन्दिर वा सत्संग इकाई समितिले योग्य सुन्दरसाथलाई सदस्यता लिन प्रेरित गर्नेछ ।

(ख) सदस्य हुन योग्यता पुगेको कसैले स्थानीय मन्दिर वा सत्संग इकाई सभाको आजीवन सदस्यता लिन चाहेमा रू.३,०००/- एकमुष्ट बुझाई आजीवन सदस्यता लिन सक्नेछ ।

(ग) माथि खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सुन्दरसाथले कुनै मन्दिर वा सत्संग इकाईको लागि जग्गा खरिद गर्न वा मन्दिर वा सत्संग भवन निर्माण गर्न जग्गा प्रदान गरेको वा संस्था स्थापना एवं संचालन गर्न वा मेला पर्व गर्न, अक्षयकोष स्थापना तथा नगद वा जिन्सी सहयोग गरेको वा गर्दै आएको भएमा त्यस्तो सुन्दरसाथलाई सम्बन्धित कार्य समितिको निर्णयले विना शुल्क सो मन्दिर वा सत्संग इकाईको आजीवन सदस्यता प्रदान गर्न सकिने छ ।

(घ) संस्थाको हितका लागि विशिष्ठ योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई कार्य समितिको सिफारिसमा केन्द्रीय साधारण सभाले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ र त्यस्तो सदस्यले कुनै सदस्यता शुल्क बुझाउनु पर्ने छैन । मानार्थ सदस्यले साधारण सभामा भाग लिन पाउनेछ, तर कार्य समितिको पदाधिकारी वा सदस्यको लागि हुने निर्वाचनमा उम्मेदवार हुन वा मतदान गर्न पाउने छैन ।

(२) संस्थागत सदस्यता देहाय बमोजिम प्रदान गरीनेछ :-

(क) श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल र श्रीकृष्ण प्रणामी बाईजुराज महिला समिति नेपाल संस्थाका भातृ तथा भगिनी संस्था मानिनेछन् र यी दुई संस्था यस संस्थाका स्वतः सदस्य हुनेछन् ।

(ख) श्रीकृष्ण प्रणामी धर्मावलम्वीहरूद्वारा प्रवर्द्धन भएको एकल (इकाई नभएको) संस्थाले यस संस्थाको संस्थागत सदस्यता लिन चाहेमा रू.५००।- प्रवेश शुल्क र रू.१,५००।- सदस्यता शुल्क लिई संस्थागत सदस्यता प्रदान गरीनेछ । यस्तो संस्थाले पनि आफ्नो संस्थामा रहेका सदस्यहरूको विवरण उपदफा (६) बमोजिम यस संस्थाको केन्द्रीय कार्यालयमा पेश गर्नु पर्नेछ र प्रत्येक महाधिवेशन हुने वर्ष भाद्र १५ गते भित्र सम्बन्धित संस्थाको संस्था दर्ता प्रमाणपत्रको नविकरण भएको निस्सा पेश गरी सदस्यता अध्या वधिक गर्नु पर्नेछ ।

(ग) श्रीकृष्ण प्रणामी धर्मावलम्वीहरूद्वारा प्रवर्द्धन भई इकाई समेत रहेको संस्थाले यस संस्थाको सदस्यता लिन चाहेमा रू.५००।- प्रवेश शुल्क र रू.२,५००।- सदस्यता शुल्क तथा प्रति इकाई थप रू.५००।- का दरले सदस्यता शुल्क बुझाएमा संस्थागत सदस्यता प्रदान गरीनेछ । यस्तो संस्थाले पनि संस्था र संस्था अन्तरगतका इकाईमा रहेका सदस्यहरूको विवरण उपदफा (६) बमोजिम यस संस्थाको केन्द्रीय कार्यालयमा पेश गर्नु पर्नेछ र प्रत्येक महाधिवेशन हुने बर्ष भाद्र १५ अगावै सम्बन्धित संस्थाको संस्था दर्ता प्रमाणपत्रको नविकरण भएको निस्सा पेश गरी सदस्यता अध्यावधिक गर्नु पर्नेछ ।

(घ) संस्थागत सदस्यता प्रदान गरीने सम्वन्धी अन्य व्यवस्थाहरू तोकिए बमोजिम हुनेछ ।

(३) सहयोगी सदस्यता लिन चाहने व्यक्तिलाई प्रवेश शुल्क वापत रू.५००।- र सदस्यता शुल्क रू.१,०००।- लिई तथा धार्मिक, सामाजिक संस्थालाई प्रवेश शुल्क रू.१,०००।- र सदस्यता शुल्क रू.२,०००।- लिई सदस्यता दिन सकिनेछ । तर यस्तो सदस्यलाई मताधिकार हुनेछैन ।

(४) यस विधान बमोजिम संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले उपदफा (१), (२) वा (३) मा तोकिए बमोजिम सदस्यता शुल्क संलग्न राखी आवश्यक विवरण सहित सदस्यता प्राप्त गर्न चाहेको कार्य समिति समक्ष निवेदन दिनु पर्नेछ । उपरोक्त बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित कार्य समितिले आवश्यक जाँचबुझ गरी सदस्यता प्रदान गर्नेछ ।

तर पहिलो पटक इकाई गठन हुँदा तदर्थ समिति गठन नभएसम्म केन्द्रीय समितिले सदस्यता प्रदान गर्न सक्नेछ ।

(५) इकाई तहमा व्यक्तिगत सदस्यता सम्बन्धित इकाईको कार्य समितिले र संस्थागत तथा सहयोगी सदस्यताको हकमा केन्द्रीय समितिले आवश्यक प्रक्रिया पुर्‍याई सदस्यता प्रदान गर्नेछ ।

(६) सेवा समितिबाट प्रमाणपत्र प्राप्त जिल्ला तथा मन्दिर, सत्संग इकाई समिति तथा संस्थागत सदस्यले प्रत्येक वर्ष केन्द्रीय साधारण सभा हुनु एक महिना अगावै थप भएका सदस्यहरूको विवरण, प्रगति विवरण र आर्थिक विवरण केन्द्रीय समितिमा पठाउनु पर्नेछ र आफनो इकाईको सम्पूर्ण विवरण महाधिवेशन हुने वर्षको भाद्र १५ गते भित्र संस्थाको जिल्ला समिति तथा केन्द्रीय कार्यालयमा आइपुग्ने गरी अनिवार्य अध्यावधिक गराउनु पर्नेछ । अध्यावधिक विवरण समयभित्र प्राप्त नभएका समिति (संस्थागत संस्था समेत) का प्रतिनिधिले अध्यावधिक नगरून्जेल सम्म जिल्ला तथा केन्द्रीय महाधिवेशनमा पर्यवेक्षकको रूपमा मात्र भाग लिन पाउने छन ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि इकाई समितिले सदस्यता शुल्क तथा नवीकरण शुल्क बापत प्राप्त गरेको रकम मध्येबाट १०% (दश प्रतिशत) केन्द्रीय समिति र २०% (बीस प्रतिशत) जिल्ला समितिमा पठाउनु पर्नेछ । यसरी प्राप्त रकमको आधारमा केन्द्रीय समिति र जिल्ला समितिले सदस्यहरूको अभिलेख अध्यावधिक बनाई राख्नु पर्नेछ ।

(८) यस दफा बमोजिम सदस्यता प्राप्त गरेका संस्थागत सदस्यले आफ्नो संस्थाको विधान बमोजिम कार्य संचालन गर्नेछ, तर यस संस्थाको मूलभूत कुराहरूसंग मेलनखाने व्यवस्थाहरू भएमा संस्थागत सदस्यले आफ्नो विधान संशोधन गरी मिलाउनु पर्ने छ ।

(९) यस दफा बमोजिम सदस्यता प्राप्त गरेका संस्थागत सदस्यले आफ्नो साइनबोर्डमा माथि श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल लेख्नु पर्ने छ । साथै संस्थागत सदस्यले आफ्नो विधानमा श्रीकृष्ण प्रणामी सेवा समिति नेपालमा प्रणामी समाजको केन्द्रीय संस्था भएकोले यस संस्थाको संस्थागत सदस्यता लिएको व्यहोरा उल्लेख गर्नुपर्ने छ ।

## ११. सदस्यताको समाप्ति :

१) यस विधानको दफा १० बमोजिम सदस्यता शुल्क बुझाई सदस्यता नवीकरण नगर्ने सदस्यहरूको सदस्यता स्वतः समाप्त हुनेछ ।

२) गैर नेपाली नागरीक भएमा ।

३) कुनै सदस्यले संस्थाको उद्देश्य तथा हित विपरित काम गरेमा वा तोकिएको आचरण पालना नगरेमा त्यस्तो सदस्यलाई निज सदस्य रहेको इकाइको कार्य समितिले सदस्यताबाट हटाउने निर्णय गर्न सक्नेछ र सम्बन्धित कार्य समितिले हटाउने निर्णय गरेपछि त्यस्तो सदस्यको सदस्यता स्वतः समाप्त हुनेछ । तर त्यसरी सदस्यताबाट हटाउनु पूर्व त्यस्तो सदस्यलाई सफाईका निमित्त उचित मौका दिइनेछ ।

४) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै सदस्यले राजीनामा दिएमा वा संगठित संस्था सदस्य रहेकोमा त्यस्तो संस्था विघटन भएमा सदस्यता समाप्त भएको मानिनेछ ।

परिच्छेद - ४

# साधारण सभा र कार्य समिति

## १२. साधारण सभा तथा गठन विधि :

### १. इकाई साधारण सभा :

प्रत्येक श्रीकृष्ण प्रणामी मन्दिर रहेको क्षेत्रमा इकाई सभा गठन हुनेछ । मन्दिर नभएको कुनै गा.वि.स क्षेत्र वा नगरपालिकाको कम्तीमा एक वडा क्षेत्रमा कम्तीमा २१ जना सुन्दरसाथ मिली सत्संग इकाई गठन गर्न चाहेमा पनि इकाई सभा गठन हुनेछ । इकाई समितिबाट सदस्यता प्राप्त सबै सुन्दरसाथ सदस्यहरू इकाई सभाका सदस्य हुनेछन् ।

## २. जिल्ला साधारण सभा :

संस्थाको जिल्ला स्तरमा निम्नानुसार सदस्यहरू रहेको एक जिल्ला सभा हुनेछ र जिल्ला सभाको सदस्यहरूको भेलालाई जिल्ला साधारण सभा भनिनेछ ।

(क) इकाई समितिका सबै पदाधिकारीहरू तथा सदस्यहरू (केन्द्रीय प्रतिनिधि समेत),

(ख) एकल संस्थागत सदस्यको कार्य समितिका पदाधिकारी तथा सदस्यहरू,

(ग) इकाई समिति भएको संस्थागत सदस्य भएमा सो संस्थाको कार्य समितिका सबै पदाधिकारीहरू तथा सदस्यहरू र इकाई समितिका पदाधिकारीहरू तथा सदस्यहरू ।

(घ) जिल्ला समितिका बहालवाला पदाधिकारी तथा सदस्यहरू, तर जिल्ला समितिका बहालवाला पदाधिकारी तथा सदस्यहरूलाई जिल्ला समितिको निर्वाचनमा उम्मेदवार बन्न तथा मतदान गर्नका लागी निजको आफ्नो जिल्ला भित्रको कुनै इकाईको सदस्यता कायम रहेको हुनु पर्नेछ ।

(ङ) विभिन्न क्षेत्रका प्रबुद्ध सुन्दरसाथहरू मध्येबाट युवा, प्रचारक, सन्त, महन्तको इकाईगत प्रतिनिधित्व समेत हुने गरी जिल्ला समितिद्वारा जिल्ला सभाका लागि मनोनित कम्तिमा २ जना महिला सहित बढीमा ७ जना सदस्यहरू ।

स्पष्टीकरण : जिल्ला साधारण सभा गठन गर्ने प्रयोजनका लागि एउटा जिल्लामा कम्तिमा तीन वटा इकाई गठन नभई जिल्ला साधारण सभा गठन हुने छैन तर दुई जिल्ला वा सो भन्दा बढी जिल्ला क्षेत्रका इकाई समिति मिलि संयुक्त रूपमा जिल्ला सभा गठन गर्न सकिनेछ ।

## ३. केन्द्रीय साधारण सभा :

संस्थाको केन्द्रीय सभाका प्रतिनिधिहरूको भेलालाई केन्द्रीय साधारण सभा भनिनेछ र केन्द्रीय साधारण सभामा देहाय बमोजिमका सदस्यहरू रहनेछन् :-

(क) मन्दिर/सत्संग इकाई समिति (संस्थागत सदस्य समेत)को हकमा :

(अ) २०० जनासम्म सदस्यहरू भएको इकाईबाट अध्यक्ष वा अध्यक्ष उपस्थित हुन नसक्ने अवस्था भएमा पदाधिकारी मध्येबाट इकाई समितिले मनोनित गरी पठाएको प्रतिनिधि-१ जना र केन्द्रीय प्रतिनिधि १ समेत २ जना प्रतिनिधि ।

(आ) २०१ देखि ५०० जनासम्म सदस्यहरू भएको इकाईबाट उपखण्ड (अ) अनुसारको व्यवस्था बमोजिम १ जना र कार्य समितिले इकाईसभाबाट निर्वाचित गरी पठाएका थप २ जना सहित ३ जना प्रतिनिधि ।

(इ) ५०१ देखि माथि जतिसुकै सदस्य भएपनि इकाईबाट उपखण्ड (अ) अनुसारको व्यवस्था बमोजिम १ जना र कार्य समितिले इकाई सभाबाट निर्वाचित गरी पठाएका ३ जना (एक जना महिला) सहित ४ जना प्रतिनिधि ।

(ख) जिल्ला समितिको हकमा: प्रत्येक जिल्ला समितिका अध्यक्ष र जिल्ला साधारण सभाबाट निर्वाचित केन्द्रीय प्रतिनिधि सदस्य एकजना,

(ग) केन्द्रीय मन्दिर श्री नवतनधाम तथा अन्तर्गत मन्दिरका संयोजकहरू-५ जना, नवतनधाम व्यवस्थापन समितिले नवतनधाम सभाबाट सिफारिस गरी पठाएका कम्तिमा १ जना महिला पर्ने गरी-६ जना सहित ११ जना सदस्यहरू प्रतिनिधि ।

(घ) केन्द्रीय समितिका वर्तमान पदाधिकारी तथा सदस्यहरू, पूर्व केन्द्रीय अध्यक्षहरू, प्रदेश समितिका संयोजकहरू प्रतिनिधि हुनेछन् ।

तर केन्द्रीय समितिका बर्तमान पदाधिकारी तथा सदस्यहरूले केन्द्रीय समितिको निर्वाचनमा उम्मेदवार बन्न तथा मतदान गर्नका लागि निजको कुनै पनि मन्दिर वा सत्संग इकाईको सदस्यता कायम रहेको हुनु पर्नेछ ।

(ङ) श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालको केन्द्रीय कार्य समितिले अनुभवी र प्रवुद्ध युवा सदस्यहरू मध्येबाट सिफारिस गरी पठाएका २ जना र श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपालको केन्द्रीय समितिबाट अनुभवी र प्रवुद्ध महिला सदस्यहरू मध्येबाट सिफारिस गरी पठाएका २ जना र बिभिन्न क्षेत्रका प्रबुद्ध एवं दानविर सुन्दरसाथहरू मध्येबाट केन्द्रीय समितिद्वारा केन्द्रीय सभाका लागि मनोनित २ जना महिला सहित ११ जना समेत जम्मा १५ जना सदस्यहरू प्रतिनिधि ।

(च) केन्द्रीय सल्लाहकार समितिका संयोजक तथा संयोजकले सल्लाहकारहरू मध्येबाट मनोनयन गरी पठाएका ४ जना सहित ५ जना सदस्यहरू र संरक्षक परिषद् सचिवालयका संयोजक तथा सदस्यहरू प्रतिनिधि ।

तर सल्लाहकार समिति र संरक्षक परिषद् सचिवालयका संयोजक तथा सदस्यहरूलाई निर्वाचन प्रकृयामा उमेद्वारी दिने वा मतदान गर्ने तथा कुनै उम्मेदवारको प्रस्तावक वा समर्थक बस्ने अधिकार हुने छैन ।

(छ) खण्ड (क) र खण्ड (ख) को व्यवस्था अनुसार जतिसुकै संख्यामा प्रतिनिधित्व भएपनि साधारण सभाको गणपुरक संख्याको हकमा प्रत्येक जिल्ला, मन्दिर वा सत्संग इकाईलाई १ मात्र गणना गरीने छ । तर मताधिकार भने उपस्थित सबै व्यक्तिगत प्रतिनिधिहरूको रहने छ ।

(४) साधारण सभा संस्थाको सम्वन्धित तहको सवैभन्दा माथिल्लो अंग मानिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि जिल्ला सभा गठन गर्न केन्द्रीय समितिको र इकाई सभा गठन गर्न जिल्ला समिति भएमा जिल्ला समितिको सिफारिस सहित केन्द्रीय समितिको स्वीकृति लिनु पर्नेछ । यो दफा लागु हुँदा कायम रहेको जिल्ला सभा र इकाई सभाले यस विधान बमोजिम सदस्यता अद्यावधिक गराउनु पर्नेछ ।

## १३. साधारण सभाको बैठक :

(१) साधारण सभाको बैठक सामान्यतया वर्षको एक पटक बस्ने छ ।

(२) साधारण सभाको बैठक सम्बन्धित कार्य समितिले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(३) प्रत्येक वर्ष साधारण सभाको बैठक बोलाउँदा सामान्यतया इकाई साधारण सभा भाद्र १५ गते भित्र, जिल्ला साधारण सभा भाद्र मसान्त भित्र र केन्द्रीय साधारण सभा असोज महिना भित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

(४) साधारण सभाको बैठक सम्वन्धित कार्य समितिको निर्णयानुसार सम्वन्धित कार्य समितिको महासचिव वा सचिवले बोलाउनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले साधारण सभा बस्न आवश्यक छ भनी निर्णय गरेमा सम्वन्धित तहको साधारण सभाको बैठक जुनसुकै वखत बोलाउन सकिनेछ । वार्षिक साधारण सभा बाहेकको साधारण सभालाई विशेष साधारण सभा भनिनेछ ।

(६) सम्वन्धित साधारण सभाका कम्तीमा २० प्रतिशत सदस्यहरूले साधारण सभाको बैठक बस्न आवश्यक छ भनी लिखित रूपमा माग गरेमा त्यस्तो सूचना आफूलाई प्राप्त भएको २१ दिन भित्र सम्वन्धित अध्यक्षले साधारण सभाको बैठक बोलाउनु पर्नेछ ।

(७) साधारण सभाको बैठक बस्ने सूचना सो बस्नु भन्दा कम्तीमा १५ दिन अगावै सवै सदस्यहरूलाई दिनु पर्नेछ । त्यस्तो सूचना पत्र पत्रिकामा प्रकाशित गरीएमा सदस्यहरूलाई सूचना गरीएको मानिनेछ ।

(८) कूल सदस्य संख्याको ६० प्रतिशत सदस्यहरू उपस्थित नभई साधारण सभाको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छैन । एक पटक बोलाइएको सभामा गणपूरक संख्या नपुगी दोस्रो पटक ७ दिनको म्याद दिई बोलाईएकोमा ५१ प्रतिशत र सो नपुगी ३ (तीन) दिनको म्याद दिइ अर्को सूचना प्रकाशित गरीएकोमा त्यस्तो साधारण सभामा कम्तिमा २५ प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।
तर कार्य समितिका पदाधिकारीलाई हटाउने प्रस्ताव वा अन्य कुनै विशेष प्रस्ताव पेश गर्न वोलाईएको साधारण सभामा कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यको उपस्थिति अनिवार्य हुनेछ ।

(९) साधारण सभाको बैठकको अध्यक्षता सम्वन्धित कार्य समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । उपाध्यक्ष पनि अनुपस्थिति भएमा सदस्यहरूले आफू मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ । तर एक भन्दा बढी उपाध्यक्ष उपस्थित भएमा अध्यक्षको अनुपस्थितिमा जेष्ठतम् उपाध्यक्षले सभाको अध्यक्षता गर्नेछ ।

(१०) साधारण सभामा उपस्थित सदस्यहरूको बहुमतको निर्णय साधारण सभाको निर्णय मानिनेछ ।

## १४. साधारण सभाको काम, कर्तव्य र अधिकार :

केन्द्रीय, जिल्ला र इकाई साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) संस्थाको कार्य संचालनका निमित्त निर्वाचन प्रक्रियाद्वारा सम्वन्धित तहको कार्य समितिको गठन गर्ने ।

(२) सम्बन्धित तहका कार्य समितिद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन उपर छलफल गर्ने र आवश्यक निर्णय गर्ने ।

(३) सम्बन्धित कार्य समितिद्वारा पेश भएका वार्षिक तथा आवधिक योजना तथा कार्यक्रमहरू स्वीकृति गर्ने ।

(४) सम्बन्धित तहको कार्य समितिले पेश गरेको वार्षिक वजेट स्वीकृति गर्ने ।

(५) हिसाब किताबको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने, पारिश्रमिक तोक्ने र हिसाव फर फारक गर्ने ।

(६) आ-आफ्नो तहमा कार्य नीति तथा कार्य योजना निर्धारण गर्ने र आवश्यकता अनुसार कार्य समितिलाई निर्देशन दिने ।

(७) कार्य समितिद्वारा प्रस्तावका रूपमा पेश भएका अन्य विषयहरूमा छलफल गरी निर्णय लिने ।

(८) इकाई तथा जिल्ला सभाले केन्द्रीय प्रतिनिधिहरूको निर्वाचन गर्ने ।

## १५.समितिहरूको गठनः

### (१) केन्द्रीय समिति :

संस्थाको कार्य संचालनको निमित्त केन्द्रीय स्तरमा एक केन्द्रीय कार्य समिति गठन हुनेछ । केन्द्रीय कार्य समितिमा देहाय बमोजिमका ४१ (एकचालीस) जनासम्म पदाधिकारी तथा सदस्यहरु रहनेछन् ।

(क) अध्यक्ष-१ जना,

(ख) निवर्तमान अध्यक्ष १ जना,

(ग) उपाध्यक्षहरु ७ जना- जस्मा काठमाडौं उपत्यकाबाट १ जना, मध्यमाञ्चल ( काठमाडौं उपत्यका बाहेक) बाट १ जना, पश्चिमाञ्चलबाट १ जना, मध्य तथा सुदुर पश्चिमाञ्चलबाट १ जना र पुर्वाञ्चलबाट १ जना, श्रीकृष्ण प्रणामी प्रतिष्ठान नेपालबाट १ जना र श्रीकृष्ण प्रणामी सत्संग सेवा परिषद झापाबाट १ जना रहने छन् ।

तर श्रीकृष्ण प्रणामी प्रतिष्ठान नेपाल र श्रीकृष्ण प्रणामी सत्संग सेवा परिषद झापाको विधानमा श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, प्रणामी समाजको केन्द्रीय संस्था भएको, ति संस्था श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको संस्थागत सदस्य भएको र ति संस्थाको तर्फबाट श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको केन्द्रीय कार्य समितिमा एक उपाध्यक्ष रहने कुरा उल्लेख गर्नुपर्ने छ ।

(घ) महासचिव-१ जना,

(ङ) कोषाध्यक्ष-१ जना,

(च) उपमहासचिव-१ जना,

(छ) सहकोषाध्यक्ष-१ जना,

(ज) सदस्य - १० जना सम्म (क्षेत्रगत ५ जना, खुल्ला ५ जना) (प्रत्येक क्षेत्रबाट कम्तीमा एक जना सदस्य पर्नेगरी),

(झ) श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालको केन्द्रीय अध्यक्ष पदेन सदस्य-१ जना,

(ञ) श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपालको केन्द्रीय अध्यक्ष पदेन सदस्य-१ जना,

(ट) कार्य समितिले संस्थाको साधारण सदस्यता प्राप्त गरेका सुन्दरसाथ मध्येबाट मनोनित गरेका कम्तीमा तीन जना महिला सहित १३ जना,

(ठ) कार्य समितिले संस्थाको साधारण सदस्यता प्राप्त गरेका सन्त, महन्त तथा पुजारीहरु मध्येबाट मनोनित गरेका-३ जना सदस्य ।

. **(१क). <u>प्रदेश समन्वय समिति सम्वन्धी व्यवस्था</u> :**

(१) प्रत्येक प्रदेशमा जिल्ला तथा इकाइ समितिका बीचमा समन्वयकारी भूमिका निर्वाह गर्न केन्द्रीय समितिले एक प्रदेश समन्वय समिति गठन गर्नेछ । प्रदेश समितिको गठन तथा कार्यविभाजन नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

**(२). <u>जिल्ला समिति :</u>**

संस्थाको जिल्ला स्तरमा काम गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमका १९ (उन्नाईस) जना सम्म पदाधिकारी तथा सदस्यहरू रहेको एक जिल्ला समिति गठन हुनेछ :-

(क) अध्यक्ष-१ जना,

(ख) निवर्तमान अध्यक्ष १ जना,

(ग) उपाध्यक्ष-२ जना (सामाजिक सेवा विभाग र धर्म प्रवर्धन तथा साँस्कृतिक विभाग),

(घ) सचिव-१ जना (ङ) कोषाध्यक्ष-१ जना

(च) सहसचिव-१ जना (छ) सदस्य- ४ जना

(ज) केन्द्रीय सभाको लागि प्रतिनिधि-१ जना

(झ) श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालको जिल्ला अध्यक्ष-पदेन सदस्य

(ञ) श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपालको जिल्ला अध्यक्ष-पदेन सदस्य

(ट) कार्य समितिले संस्थाको साधारण सदस्यता प्राप्त गरेका व्यक्तिहरू मध्येबाट मनोनयन गरेको कम्तीमा दूई जना महिला सहित जम्मा ५ जनासम्म ।

**<u>(३) इकाई समिति :</u>**

संस्थाको स्थानीय मन्दिर वा सत्संग इकाईको रूपमा काम गर्न देहाय बमोजिमका १९ ( उन्नाईस) जना सम्म पदाधिकारी तथा सदस्य रहेको इकाई कार्य समिति गठन हुनेछ :-

(क) अध्यक्ष-१ जना,

(ख) निवर्तमान अध्यक्ष १ जना,

(ग) उपाध्यक्ष-२ जना (सामाजिक सेवा विभाग र धर्म प्रवर्धन तथा साँस्कृतिक विभाग),

(घ) सचिव-१ जना, (ङ) कोषाध्यक्ष-१ जना,

(च) सहसचिव-१ जना, (छ) सदस्य- ४ जना,

(ज) श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालको इकाई अध्यक्ष पदेन सदस्य,

(झ) श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपालको इकाई अध्यक्ष पदेन सदस्य,

(ञ) इकाई सभाबाट केन्द्रीय सभामा प्रतिनिधित्व गर्न निर्वाचित प्रतिनिधी १ देखि ३ जना सम्म (सदस्य संख्याको आधारमा निर्वाचित हुने),

(ट) कार्य समितिले संस्थाको साधारण सदस्यता प्राप्त गरेका व्यक्तिहरू मध्येबाट मनोनित सदस्य २ जना,

(ठ) सम्बन्धित मन्दिरको पुजारी, महन्त सदस्य १ जना,

(ड) स्थानीय तहमा मन्दिरहरूको कार्यबोझको आधारमा आवश्यकता अनुसार कुनै सदस्यलाई सहकोषाध्यक्ष पदको व्यवस्था गरी जिम्मेवारी तोक्न सकिनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम गठन हुने कार्य समितिका पदाधिकारीहरू सम्वन्धित साधारण सभाबाट निर्वाचित हुनेछन् ।

(५) कार्य समितिका पदाधिकारी सदस्यहरूको पदावधि ३ (तीन) वर्षको हुनेछ र निजहरू पुनः निर्वाचित हुन सक्नेछन् तर सामान्यतया लगातार दुई पटक भन्दा बढी एकै पदमा सोही व्यक्ति निर्वाचित हुन सक्ने छैन ।

(६) राजिनामा दिई वा माथिल्लो तहमा निर्वाचित भई वा अन्य कुनै कारणले कार्य समितिको कुनै पद रिक्त हुन आएमा साधारण सभा नभएसम्मका लागि कार्य समितिले त्यस्तो रिक्त स्थान मनोनयनद्वारा पूर्ति गर्न सक्नेछ ।

## १६. प्रतिनिधि सम्वन्धी व्यवस्थाः

इकाई समिति वा जिल्ला समितिको अध्यक्षले माथिल्लो कार्य समितिको पदाधिकारी वा सदस्य पदको लागि हुने निर्वाचनमा उम्मेदवार हुन पाउने छैन । तर मतदानमा भाग लिन पाउनेछ । यो व्यवस्था सदस्य संस्थाका कुनै पनि तहका कार्य समितिका अध्यक्ष समेतमा लागु हुनेछ ।

## १७. कार्य समितिको पदाधिकारी हुन अयोग्यता :

(१) देहायको व्यक्ति कुनै पनि तहको कार्य समितिको पदाधिकारी हुन अयोग्य मानिनेछ :-

(क) अठार वर्ष उमेर पूरा नभएको ।

(ख) मगज विग्रेको वा वहुलाएको ।

(ग) साहुको ऋृण तिर्न नसकी दामासाहीमा परेको ।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा कसूरदार ठहरी सजाय पाएको ।

(ङ) कुनै पनि तहका समितिमा हर हिसाब फछ्र्योट वा बुझ बुझारथ नगरेको ।

(च) यस संस्थाको वा सदस्य संस्थाको वा भातृ तथा भगिनी संस्थाको कुनै इकाई समितिमा १ (एक) कार्यकाल पुरा नगरेको व्यक्ति जिल्ला समितिमा र जिल्ला समितिमा १ (एक) कार्यकाल पुरा नगरेको व्यक्ति केन्द्रीय समितिमा उम्मेद्वार हुन योग्य मानिने छैन । तर संस्थाको प्रथम पटक गठन हुने जिल्ला समितिको निर्वाचनमा र कुनै पनि तहमा हुने मनोनित पदाधिकारीको हकमा यो व्यवस्था लागू हुने छैन ।

(छ) केन्द्रीय समितिले संस्थाको विधि, विधान, निर्णय तथा तोकिएको आचरण विपरित कार्य गरेको आधारमा समितिको निर्णयबाट निलम्बित भएको वा दफा ४० बमोजिम अविश्वासको प्रस्ताव पारित भई पदमुक्त भएको २ वर्ष व्यतीत नभएको व्यक्ति ।

(२) देहायका कुनै व्यक्ति कार्य समितिको पदाधिकारीको पदमा बहाल रहन अयोग्य मानिनेछ :-

(क) उपदफा १ बमोजिम अयोग्य भएमा ।

(ख) विना सूचना लगातार तीन पटक सम्म कार्य समितिको बैठकमा अनुपस्थित रहेमा ।

(ग) कार्य समितिको निर्णय विपरीत काम गरेमा ।

(घ) साधारण सभाबाट हटाउने निर्णय भएमा ।

(ङ) संस्थाको उद्देश्य विपरीत काम गरेमा वा श्रीकृष्ण प्रणामी धर्माचरणमा नरहेमा ।

(च) केन्द्रीय समितिले संस्थाको विधि, विधान, निर्णय तथा तोकिएको आचरण बिपरित कार्य गरेको आधारमा समितिको निर्णयबाट निलम्बित भएमा ।

## १८. कार्य समितिको बैठक :

(१) कार्य समितिको बैठक आवश्यकता अनुसार सम्बन्धित अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । कार्य समितिको बैठक वर्षको कम्तिमा चार पटक बस्नेछ र दुई बैठक बीचको अवधी चार महिना भन्दा बढी हुने छैन ।

(२) कार्य समितिको बैठक अध्यक्षसंग परामर्श गरी महासचिव वा सचिवले बोलाउनेछ ।

(३) कार्य समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ । तर एक भन्दा बढी उपाध्यक्ष उपस्थित भएमा जेष्ठतम् उपाध्यक्षले अध्यक्षता गर्नेछ ।

(४) कार्य समितिमा एकाउन्न (५१) प्रतिशत सदस्यहरूको उपस्थिति भए कार्य समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) कार्य समितिको बैठकमा बहुमतको निर्णय कार्य समितिको निर्णय मानिनेछ र मत वरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(६) कार्य समितिका कम्तिमा २५ प्रतिशत पदाधिकारीहरूले कार्य समितिको बैठक बस्नु आवश्यक छ भनी लिखित अनुरोध गरेमा अध्यक्षले सात दिन भित्र बैठक बोलाउनु पर्नेछ र सो बमोजिम अध्यक्षले बैठक नबोलाएमा अर्को सात दिन भित्र अन्य पदाधिकारीहरू सँग परामर्श गरी महासचिव वा सचिवले बैठक बोलाउनु पर्नेछ ।

(७) कार्य समितिले कुनै पनि स्वदेशी वा विदेशी वा विशिष्ट व्यक्तिलाई कार्य समिति वा साधारण सभाको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) संस्थाका प्रमुख संरक्षक, विशिष्ट संरक्षक, विशेष संरक्षक तथा संरक्षकले कार्य समितिको बैठकमा भाग लिन र कार्य समितिमा निर्णयार्थ पेश भएको विषयमा परामर्श दिन सक्नुहुनेछ ।

(९) कार्य समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## १९. **कार्य समितिको काम, कर्तव्य र अधिकार :**

(१) प्रचलित कानून, यस विधानमा लेखिएका कुराहरू र साधारणसभाबाट भएका निर्णयहरूको अधीनमा रही संस्थाको सम्पूर्ण काम कारवाहीको प्रबन्ध, अधिकारको प्रयोग र कर्तव्यको पालना केन्द्रीय समितिले गर्नेछ ।

(२) उपदफा (१) मा उल्लेख भएका अतिरिक्त केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

(क) संस्थाको काम कारवाहीको व्यवस्थापन, संचालन, रेखदेख र नियन्त्रण गर्ने ।

(ख) संस्थाको वार्षिक बजेट तयार गरी साधारण सभामा पेश गर्ने ।

(ग) संस्थाबाट संचालन गरीने वार्षिक तथा आवधिक योजना तथा कार्यक्रमहरू तयार गरी साधारण सभामा पेश गर्ने र स्वीकृत गराउने

(घ) साधारण सभाबाट पारित नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने ।

(ङ) संस्थाका निमित्त आवश्यक प्राविधिक तथा प्रशासकीय कर्मचारीहरू भर्ना गर्ने वा दरवन्दी निर्धारण गर्ने ।

(च) संस्थाको काम सुचारू रूपले संचालन गर्न उपसमितिहरू गठन गर्ने र तिनीहरूको काम कर्तव्य तोक्ने ।

(छ) आफ्नो अधिकार मध्ये सबै वा केही अधिकार कुनै उपसमिति वा पदाधिकारीलाई सुम्पने ।

(ज) महिलाहरूको हित र संरक्षणका साथै धार्मिक, सामाजिक क्षेत्रमा सहभागिता बढाउनका निमित्त छुट्टै "श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपाल" गठन र नीति निर्धारण गर्ने ।

"तर यस विधानको समेत पालना हुने गरी केन्द्रीय समितिको सहमतिमा छुट्टै भगिनी संस्था गठन गरी प्रचलित कानून बमोजिम दर्ता भएमा सो संस्था दर्ता गर्दा स्वीकृत विधान बमोजिम कार्य सञ्चालन हुनेछ ।"

(३) इकाई तथा जिल्ला स्तरमा उपदफा (१) र (२) बमोजिमका अधिकारको प्रयोग र कर्तव्यको पालना क्रमशः इकाई समिति तथा जिल्ला समितिले गर्नेछन् ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि केन्द्रीय समितिले गर्नु पर्ने काम छिटो, सुचारू र प्रभावकारी रूपले संचालन र व्यवस्थापन गर्न निम्न पदाधिकारी रहेको एक सचिवालय समिति गठन हुनेछ :-

(क) अध्यक्ष - १ जना,
(ख) काठमाडौं उपत्यका र बागमती प्रदेशको प्रतिनिधित्व गर्ने उपाध्यक्ष-२ जना,
(ग) महासचिव- १ जना,
(घ) कोषाध्यक्ष- १ जना,
(ङ) समितिका पदाधिकारी एवं सदस्यहरू मध्येबाट कार्य समितिले तोकिदिएका-४ जना सदस्य ।”
तर समितिले आवश्यक ठानेमा एक/एक वर्षमा सदस्यहरू हेरफेर गर्न सक्नेछ ।

(४क) सचिवालय समितिका कूल सदस्य संख्याको २/३ (दुई तिहाई) सदस्य उपस्थित नभई सचिवालय समितिको वैठक वस्ने छैन र सचिवालय समितिको वैठक वोलाउंदा केन्द्रीय कार्य समितिका सवै पदाधिकारीहरूलाई जानकारी गराइने छ । सचिवालय समितिको वैठकमा उपस्थित हुन चाहेमा निजहरू उपस्थित हुन सक्नेछन् ।

(५) उपदफा (४) बमोजिम गठित समितिले आफूले गरेको कामको प्रगति विवरण सहितको विवरण त्रैमासिक रूपमा कार्य समिति समक्ष प्रस्तुत गर्नेछ ।

(६) कार्य समितिले संस्थाको काम कारवाहीलाई व्यवस्थित तथा सुचारू गर्न आवश्यकता अनुसार उपसमिति वा कार्य टोली गठन गरी काम, कर्तव्य र अधिकार समेत तोकि दिन सक्नेछ ।

## २०. <u>निर्णय पुस्तिका राखिने :</u>

(१) साधारण सभा तथा कार्य समितिको बैठकमा छलफल तथा निर्णय भएका कुराहरूको अभिलेखका लागि प्रत्येक तहमा छुट्टा छुट्टै निर्णय पुस्तिकाहरू राखिनेछन् ।

(२) निर्णय पुस्तिकामा बैठकको उपस्थिति, छलफल भएका विषयहरू र बैठकबाट निर्णय भएका कुराहरू उल्लेख गरीनेछ ।

(३) साधारण सभाको निर्णय पुस्तिका बैठकको अध्यक्षता गर्ने व्यक्ति, एक जना कार्य समितिको पदाधिकारी र एक जना साधारण सभाको सदस्यबाट प्रमाणित गरीनेछ र कार्य समितिको बैठकको निर्णय पुस्तिकामा बैठकमा उपस्थित सबै पदाधिकारीहरूको दस्तखत हुनेछ ।

(४) निर्णय पुस्तिका महासचिव वा सचिवको जिम्मामा रहनेछ ।

## परिच्छेद - ५

## प्रमुख संरक्षक, संरक्षक परिषद्, धर्मसभा र सल्लाहकार समिति

### २१. प्रमुख संरक्षक :

(१) श्रीकृष्ण प्रणामी धर्मको उद्गमस्थल श्री नवतनपुरीधाम विश्वभरिका श्रीकृष्ण प्रणामी धर्मावलम्बीहरूको सर्वोच्च धाम भएकोले श्रीनवतनपुरी धामका पीठासीन आद्यधर्म पीठाधीश्वर अनन्तश्री विभूषित आचार्य महाराजश्री संस्थाको प्रमुख संरक्षक हुनुहुनेछ र यस संस्थामा प्रमुख संरक्षकको भूमिका मूख्य मार्ग निर्देशकको रूपमा रहने छ ।

(२) संस्थाको हित र विकासका निमित्त धार्मिक, सामाजिक तथा शैक्षिक विषयमा प्रमुख संरक्षकले केन्द्रीय समितिलाई समय समयमा निर्देशन प्रदान गर्ने, यसका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा गर्ने र सुझावहरू प्रदान गर्ने, स्थलगत भ्रमण गरी प्रत्यक्ष रूपमा हौसला प्रदान गर्ने जस्ता भूमिका निर्वाह गर्नुहुने छ ।

(३) प्रमुख संरक्षकलाई केन्द्रीय समितिले गरेका कुनै पनि निर्णय तथा काम कारबाहीहरू संस्थाको, प्रणामी धर्मको तथा समस्त नेपाली प्रणामी समाजको हित अनुकुल नभएको लागेमा त्यस्ता काम कारवाही तथा निर्णयहरू उपर रोक लगाई पुर्नबिचार गर्न निर्देशन दिने विशेषाधिकार रहनेछ ।

(४) प्रमुख संरक्षकलाई श्री नवतनधामका लागि गादिपति महाराज र महन्त तथा नेपाल भित्र रहेका अन्य धामहरूमा समेत गादिपति महन्त नियुक्ति गर्ने, धार्मिक मान पदवी दिने, निजहरूको कार्य विभाजन गर्ने एवम् फेरबदल गर्ने अधिकार रहनेछ । साथै तोकिएका मापदण्ड पुगेका मन्दिरहरूलाई धामको रूपमा समेत तोक्न सक्नु हुनेछ । यस सम्बन्धको निर्णय लिनुहुँदा प्रमुख संरक्षकले संरक्षक परिषद्, श्री नवतनधामका गादिपति महाराज, महन्त, केन्द्रीय अध्यक्ष, केन्द्रीय सल्लाहकार संयोजक तथा सम्बन्धित संस्थाका प्रतिनिधिसंगको परामर्शमा गर्नुहुनेछ । उपरोक्त पक्षसंगको आवश्यक परामर्श पछि प्रमुख संरक्षकले गर्नु हुने निर्णय अन्तिम हुने र उपरोक्तानुसारका निर्णयहरू संरक्षक परिषद् सचिवालय मार्फत जानकारी गराइने छ ।

(५) कुनै पनि धार्मिक विषयमा प्रमुख संरक्षकको निर्णय अन्तिम मानिने छ ।

(६) श्रीकृष्ण प्रणामी धर्मको प्रवर्धन कार्यक्रम, सामाजिक सेवाका कार्यहरू, धामहरूका गुरूयोजनाहरू सहितका दीर्घकालिन कार्यक्रमहरूको लागि निर्देशन दिने तथा कार्य योजनालाई अन्तिम स्वीकृति प्रदान गर्ने अधिकार प्रमुख संरक्षकमा रहनेछ ।

(७) प्रमुख संरक्षकले माथि उल्लेख नभएका अन्य कुनै विशेष विषयमा सेवा समितिका अध्यक्ष, केन्द्रीय सल्लाहकार संयोजक संगको परामर्शमा निर्णय लिनु सक्नुहुनेछ । प्रमुख संरक्षकबाट प्राप्त गरीएका निर्णय, आज्ञा तथा निर्देशनहरूको पालना गर्नु गराउनु समितिको कर्तव्य हुनेछ ।

## २२. संरक्षक परिषद् :

(१) श्रीकृष्ण प्रणामी सेवा समिति नेपाललाई संरक्षकत्व प्रदान गर्न तथा आवश्यक मार्ग निर्देशन एवं नीति निर्देशनका लागि केन्द्रीय स्तरमा संस्थाको प्रमुख संरक्षकको संयोजकत्वमा एक संरक्षक परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको संरक्षक परिषद्मा देहाय बमोजिम विशिष्ट संरक्षक, विशेष संरक्षक र संरक्षकहरू रहनु हुनेछ :-

(क) प्रमुख संरक्षक- नवतनपुरीधामका गादिपति, धर्माचार्य, महाराजश्री

(ख) विशिष्ठ संरक्षक-महामंगलपुरीधामका गादिपति, धर्माचार्य, महाराजश्री

(ग) विशेष संरक्षक-पद्मावतीपुरधाम ट्रष्टका प्रमुख वा धर्मगुरू/प्रतिनिधि धर्माधिकारी, श्री नवतनधामका गादिपति महाराज, श्री बाबा दयारामधाम, श्री मंगलधाम, श्री वृन्दावन परमधाम, श्री भद्रावतिपुरिधाम तथा श्री मुक्तिधाम इटहरीका गादिपति, महन्त महाराज बिशेष संरक्षक हुनु हुनेछ ।

(घ) संरक्षक- श्री नवतनधाम काठमाण्डौका महन्त महाराज, धर्मधाम जिरौना, निजानन्दधाम नजरपुर, श्रीराधाकृष्ण प्रणामी मन्दिर धरान-८ का श्री १०८ उपाधि प्राप्त गादिपति, महन्त महाराजहरू संरक्षक हुनु हुनेछ ।

(ङ) प्रमुख संरक्षक तथा संरक्षक परिषद्ले तोके बमोजिका नेपालका श्री १०८ उपाधि प्राप्त अन्य महन्त महाराज संरक्षक हुनुहुनेछ ।
श्री १०८ उपाधिले विभूषित गर्ने प्रकृया विभूषित हुने महाराजको योग्यता संरक्षक परिषद्को कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

(च) संस्थाको केन्द्रीय अध्यक्ष तथा केन्द्रीय सल्लाहकार समितिको संयोजक संरक्षक परिषद्को पदेन विशेष सदस्य हुनेछन् ।

(छ) संरक्षक परिषद् सचिवालयको संयोजक संरक्षक परिषद्को सचिव हुनेछ ।

(३) संस्थाको हित र विकासका निमित्त संरक्षक परिषद्का सदस्यहरूले केन्द्रीय समितिलाई निर्देशन, सुझाव दिदै हौसला प्रदान गर्न सक्नु हुनेछ । संरक्षक परिषद् सदस्यहरूलाई संरक्षक परिषद् सचिवालय मार्फत लिखित प्रस्ताव तथा सुझाव पेश गर्ने अधिकार हुनेछ । त्यसरी प्राप्त हुन आएका प्रस्तावहरू संरक्षक परिषद् सचिवालयका संयोजकले प्रमुख संरक्षक समक्ष प्रस्तुत गरी, स्वीकृत गराई संरक्षक परिषद् बैठकमा छलफलका लागि पेश गरीनेछ । छलफल पश्चात प्रमुख संरक्षकबाट भएको निर्णय अन्तिम हुनेछ ।

(४) संस्थाको हित र विकासका निमित्त संरक्षक परिषद्ले नीतिगत विषय र धार्मिक विषयमा कार्य समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन मान्नु कार्य समितिको कर्तव्य हुनेछ ।

## २३. धर्म सभा सम्वन्धी व्यवस्था :

(१) श्रीकृष्ण प्रणामी सेवा समिति नेपालको केन्द्रीयधाम श्री नवतनधामका गादिपति महाराजको संयोजकत्वमा नेपालका लागि देहायका महानुभावहरू रहेको एक धर्मसभा गठन हुनेछ ।

(क) श्री नवतनधामका गादिपति महाराज - संयोजक,

(ख) श्री मुक्तिधाम इटहरीका गादिपति/महन्त महाराज-उपसंयोजक,

(ग) श्री नवतनधामका महन्त महाराज-सदस्य सचिव ।

(घ) श्री धर्मधाम जिरौना, श्री निजानन्दधाम नजरपुर, श्रीराधाकृष्ण प्रणामी मन्दिर धरान-८ का श्री १०८ उपाधि प्राप्त गादिपति/महन्त महाराजहरू-सदस्य,

(ङ) प्रमुख संरक्षक तथा संरक्षक परिषद्ले तोके बमोजिका नेपालका श्री १०८ उपाधि प्राप्त अन्य महन्त महाराजहरू-सदस्य,

(च) प्रमुख संरक्षकद्वारा धर्मसभाका संयोजक तथा केन्द्रीय समितिसंग परामर्श गरी मनोनयन गरीएका २५ जना व्यक्तिहरू,

(छ) केन्द्रीय सल्लाहकार समितिका संयोजक तथा सल्लाहकार समितिले आफुमध्येबाट तोकेका अन्य तीन जना प्रतिनिधिहरू,

(ज) केन्द्रीय समितिका अध्यक्ष, निवर्तमान अध्यक्ष, सबै केन्द्रीय उपाध्यक्षहरू, सबै पूर्व केन्द्रीय अध्यक्षहरू र केन्द्रीय समितिले मनोनयन गरी पठाएका अन्य ७ जना प्रतिनिधिहरू,

(झ) संरक्षक परिषद् सचिवालयका संयोजक तथा सदस्यहरू,

(ञ) युवा परिषद् नेपालका केन्द्रीय अध्यक्ष तथा अनुभवी एवम् प्रवुद्ध युवा सदस्यहरू मध्येबाट मनोनय गरी पठाएका २ जना सहित ३ जना र श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपालका केन्द्रीय अध्यक्ष तथा अनुभवी र प्रवुद्ध महिला सदस्यहरू मध्येबाट मनोनयन गरी पठाएका २ जना सहित ३ जना प्रतिनिधिहरू,

(ट) धार्मिक कार्य व्यवस्थापन महाशाखा अन्तर्गतका विभागीय प्रमुखहरू,

(ठ) धर्मसभाको संचालन तोकिएको कार्यविधि बमोजिम हुनेछ । साथै धर्मसभाले गरेका निर्णयहरू प्रमुख संरक्षकबाट अनुमोदन भएपछि मात्र लागु हुनेछ ।

(२) धर्म सभा बोलाउने कार्यविधि, धर्म सभा बैठक, सभा संचालन र धर्म सभाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) धर्म सभाले छुट्टै नियमावली बनाई पंडीत तथा प्रचारकहरूको काम कर्तव्य र अधिकार तथा उहाँहरूले धर्म प्रचार प्रसार गर्ने सम्बन्धमा गर्नु पर्ने कामहरू तोकी व्यवस्थित गर्न गराउन सक्नेछ ।

## २३क. संरक्षक परिषद् सचिवालयः

प्रमुख संरक्षकबाट संरक्षक परिषद्को काम काजलाई व्यवस्थित गर्न संरक्षक परिषद् सचिवालय गठन गर्न सक्नु हुनेछ । सो को कार्यविधि नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

## २४. धाम, गादिपति महाराज तथा महन्त सम्वन्धी व्यवस्थाः

### (१). श्री नवतनधाम तथा केन्द्रीय मन्दिर सम्वन्धी व्यवस्था :

(क) काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं.-८ मा स्थापित श्री नवतनधाम यस संस्थाको तथा नेपालका समस्त श्रीकृष्ण प्रणामी धर्मका अनुयायी सुन्दरसाथहरूको प्रमुख केन्द्रीय धाम (मन्दिर) हुनेछ ।

(ख) श्री नवतनधामको सञ्चालनका लागि केन्द्रीय समितिले श्री नवतनधामका गादिपति महाराजको संयोजकत्वमा छनौट समिति गठन गरी नियमावलीमा व्यवस्था भए बमोजिम श्री नवतनधाम सभाबाट एक व्यवस्थापन समिति गठन गरी संचालन गर्ने व्यवस्था मिलाउने छ । श्री नवतनधाम व्यवस्थापन समिति गठन गर्दा संम्भव भएसम्म स्थानीय सुन्दरसाथ (कागेश्वरी मनोहरा न.पा., गोकर्णेश्वर न.पा., का.म.न.पा.का केही भाग) बाट ५० प्रतिशत, उपत्यका भित्रबाट २५ प्रतिशत र राष्ट्रीय स्तरबाट २५ प्रतिशत रहने गरी गठन गरीने छ । साथै सो समितिमा काठमाण्डौ ललितपुर, भक्तपुर, काभ्रे र नुवाकोटका जिल्ला अध्यक्ष पदेन सदस्य रहनेछन । उक्त व्यवस्थापन समितिको गठन विधि तथा काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

(ग) श्री नवतनधामको मातहतमा काठमाडौं जिल्ला का.म.पा.वडा नं.-२९, डिल्लीबजार स्थित श्री युगलस्मृति भवन (श्रीकृष्ण प्रणामी मन्दिर), ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं.३ पुल्चोक स्थित श्री निजानन्द बृद्धआश्रम (श्रीकृष्ण प्रणामी मन्दिर), का.म.पा. वडा नं.-३२, कोटेश्वर स्थित श्री प्राणनाथ सेवा आश्रम र टोखा न.पा.-वडा नं.-१४ स्थित श्रीकृष्ण प्रणामी सत्संग समिति गोंगबु रहने छन ।

यी इकाईहरूको सञ्चालन तथा संगठनात्मक सम्बन्ध सम्बन्धित जिल्ला समिति अन्तर्गत रहने गरी नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

**१(क) श्री मुक्तिधाम :**

सुनसरी जिल्ला इटहरी न.पा. वडा नं.-४ मा २०३५ सालमा संस्थापित श्रीकृष्ण प्रणामी मन्दिर, मुक्तिधाम यस सस्थाको प्रसिद्ध धाम हो ।

### २. गादिपति महाराज तथा महन्त सम्वन्धी व्यवस्था :

(क) प्रमुख संरक्षकले श्री नवतनधामको प्रगति र सुव्यवस्थित सञ्चालनको लागि केन्द्रीय समितिको अध्यक्ष, सल्लाहकार संयोजकसंग परामर्श गरी श्री १०८ उपाधी प्राप्त सन्त वा महात्मा मध्येबाट एकजना श्री नवतनधामको गादिपति महाराज र गादिपति महाराजको सहयोगको लागि एक जना महन्त महाराज नियुक्त गर्न सक्नुहुनेछ ।

(ख) श्री नवतनधामका गादिपति महाराज तथा महन्त महाराजको जिम्मेवारी प्रमुख संरक्षकले तोके बमोजिम हुनेछ ।

(ग) उपरोक्तानुसारका निर्णयहरू कार्यान्वयनका लागि संरक्षक परिषद् सचिवालय मार्फत संरक्षक परिषद् र केन्द्रीय समितिलाई जानकारी गराइने छ ।

## ३. श्री नवतनधाम विराट विकास समितिको व्यवस्था :

नेपालको केन्द्रीयधाम श्री नवतनधामको सर्वाङ्गिण विकासका लागि एक श्री नवतनधाम विराट विकास समिति गठन गरीनेछ । सो को गठन संचालन तथा काम कर्तव्य र अधिकार नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

## २५. सल्लाहकार समितिको गठन :

(१) संस्थाको प्रत्येक तहमा सम्बन्धित कार्य समितिले एक सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

(२) यसरी गठन हुने सल्लाहकार समितिमा देहाय बमोजिम संयोजक तथा सदस्यहरू रहनेछन् ।

(क) सम्बन्धित कार्य समितिमा नरहेका वरिष्ठ सुन्दरसाथ मध्येबाट कार्य समितिले मनोनित गरेका १ जना संयोजक,

(ख) सम्बन्धित तहका आजीवन सदस्यहरू मध्येबाट कार्य समितिले मनोनित गरेका ५ जना सदस्य,

(ग) श्रीकृष्ण प्रणामी धर्मका सन्त, महन्त, सुन्दरसाथ मध्येबाट महिला समेतको प्रतिनिधित्व हुने गरी कार्य समितिले मनोनित गरेका ५ जना सदस्य,

(३) सम्बन्धित कार्य समितिले उपरोक्त संख्यामा थप घट गरी सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

(४) सल्लाहकार समितिका संयोजकले सदस्यहरू मध्येबाट एक जनालाई सहसंयोजक र एक जनालाई सदस्य सचिवको जिम्मेवारी तोक्नेछ ।

(५) सल्लाहकार समितिका संयोजक तथा सदस्यहरूको पदावधि सम्बन्धित कार्य समितिको कार्यकालसम्म रहनेछ ।

## २६. सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार :

(१) सल्लाहकार समितिले कार्य समितिले गरेको कामको सुपरीवेक्षण तथा अनुगमन गर्नेछ ।

(२) सल्लाहकार समितिले कार्य समितिलाई उचित र आवश्यक देखेका विषयहरूमा सल्लाह र सुझाव दिनेछ र त्यस्तो सल्लाह र सुझाव मान्नु कार्य समितिको कर्तव्य हुनेछ ।

(३) सल्लाहकार समितिले आवश्यक्तानुसार सम्बन्धित कार्य समितिलाई सहयोग र परामर्श दिनेछ ।

(४) सल्लाहकार समितिले आफ्नो बैठक, कार्य संचालन विधि तथा अन्य व्यवस्था स्वयं तोक्नेछ ।

(५) कार्य समितिका पदाधिकारी तथा सदस्यको निर्वाचनको लागि निर्वाचन अधिकृत तोक्ने वा निर्वाचन उपसमिति गठन गर्ने र सम्भव भए सम्म सहमतीय प्रणालीमा निर्वाचन गर्ने गराउने ।

(६) केन्द्रीय समितिको हकमा सल्लाहकार समितिले संरक्षक परिषद् सचिवालयसंग समन्वय र सहजीकरण गरी सहमतीय प्रणालीमा निर्वाचन गर्न गराउन सहयोग गर्नेछ ।

## २७. संरक्षक समिति :

(१) संस्थाको प्रत्येक इकाईमा आवश्यकता अनुसार एक संरक्षक समिति सम्बन्धित कार्य समितिले गठन गर्न सक्नेछ । यसरी गठन गरीने संरक्षक समितिमा विशेष संरक्षक वा संरक्षकहरू सम्वन्धित कार्य समितिले मनोनयन गर्नेछ । यस्ता संरक्षक समितिहरू मनोनयन गर्ने प्रक्रिया तथा सदस्य संख्या समेत सम्वन्धित कार्य समितिले नै तोके बमोजिम हुनेछ । यसरी संरक्षक समिति गठन गर्दा यस संस्थाका “प्रमुख संरक्षक” प्रतिको उच्च सम्मानलाई कायम राख्न, यस्ता संरक्षक समितिहरूमा “प्रमुख संरक्षक” भन्ने पदवी राख्न पाइने छैन ।

## २८. महाशाखा तथा विभागहरू :

(१) यो संस्था धार्मिक तथा सामाजिक संस्था भएकोले केन्द्रीय स्तरमा धार्मिक कार्य व्यवस्थापन महाशाखा र संगठन व्यवस्थापन महाशाखा गरी २ महाशाखा रहने छन् ।

(२) संस्थाको कार्य सञ्चालन सुव्यवस्थित गर्नका लागि महाशाखा अन्तर्गत आवश्यक विभागहरू गठन गरीनेछ ।

(३) महाशाखा तथा विभागको गठन विधि, काम, कर्तव्य र अधिकार नियमावलीमा तोके बमोजिम हुनेछ ।

# परिच्छेद - ६
# पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

## २९. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :

कार्य समितिका पदाधिकारीहरूले आ-आफ्नो तहमा गर्ने काम, कर्तव्य र प्रयोग गर्न पाउने अधिकार देहाय बमोजिम हुनेछन् :-

(क) **अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) साधारण सभा तथा कार्य समितिको बैठकमा अध्यक्षता गर्ने ।
(२) संस्थाको काम कारवाहीको रेखदेख, व्यवस्था र नियन्त्रण गर्ने ।
(३) बैठकमा मत वरावर भएमा निर्णयात्मक मत दिने ।
(४) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि मनोनयन गर्ने ।
(५) अन्य भैपरी आउने कामहरू गर्ने गराउने ।

(ख) **उपाध्यक्षको काम, कर्तंव्य र अधिकार :**

(१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नु पर्ने काम गर्ने गरी तोकिएको उपाध्यक्ष वा वरिष्ठ उपाध्यक्षले अध्यक्षको अनुपस्थितिमा निजले सबै कामहरू गर्नेछ ।
(२) आफूलाई तोकिएका विभागको वार्षिक कार्यक्रम तयार गरी समितिमा पेश गर्ने,

(३) आफ्नो विभागको स्वीकृत कायक्रम कार्यान्वयन गर्ने, गराउने र सो को प्रतिवेदन समितिमा पेश गर्ने जिम्मेवारी लिई काम गर्ने ।

(४) आफुले प्रतिनिधित्व गरेका क्षेत्रका प्रदेश संयोजक, जिल्ला समिति एवं केन्द्रीय सदस्य मार्फत संस्थाको नीति एवं कार्यक्रमको कार्यान्वयनमा सहयोग पुऱ्याउने,

(५) आफ्नो कार्यकालमा कम्तिमा एक पटक आफ्नो क्षेत्रमा भ्रमण गरी सो को प्रतिवेदन समितिमा पेश गर्ने ।

(६) कार्य समितिले तोकिदिएको र अध्यक्षद्वारा सुम्पिएका अधिकार तथा अन्य जिम्मेवारी वहन गर्नेछ ।

**(ग) महासचिव वा सचिवको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्षसँग परामर्श गरी कार्य समितिको बैठक बोलाउने ।

(२) कार्य समितिको निर्णय अनुसार साधारण सभा बोलाउने ।

(३) साधारण सभा र कार्य समितिको बैठकमा छलफल हुने विषयहरूको कार्यसूचि तयार गरी बैठक अगावै वितरण गर्ने ।

(४) साधारण सभा तथा कार्यसमितिको निर्णय पुस्तिका तयार गर्ने र जिम्मा लिने ।

(५) संस्थाको काम कारवाहीको रेखदेख सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने,

(६) संस्थाको प्रशासकीय काम कारवाहीमा रेखदेख र नियन्त्रण गर्ने ।

(७) कार्य समितिले गरेको निर्णयलाई कार्यान्वयन गर्ने गराउने तथा कार्य समितिले तोकि दिएका अन्य कामहरू गर्ने ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनका निमित्त महासचिव वा सचिव भन्नाले केन्द्रीय समितिको महासचिव वा इकाई समिति र जिल्ला समितिको सचिव भन्ने सम्झनु पर्दछ ।

(घ) **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) संस्थाको कोष, सम्पत्तिको लेखा राख्ने, राख्न लगाउने र जिम्मा लिने ।

(२) संस्थाको वजेट तयार गर्ने, गराउने, आय व्ययको लेखा दुरूस्त राख्ने, राख्न लगाउने ।

(३) वार्षिक आय व्यय विवरण तयार गराई लेखापरीक्षण गराउने ।

(४) संस्थाको कोष, लेखा तथा आर्थिक व्यवस्थापन गर्ने ।

(५) संस्थाको काम कारवाही तथा कार्यक्रमहरू संचालन गर्न कोष वृद्धिका लागि पहल गर्ने ।

(६) कार्य समितिबाट सुम्पिएको अन्य जिम्मेवारी वहन गर्ने ।

**(ङ) उपमहासचिव वा सहसचिवको काम, कर्तव्य र अधिकार :**

(१) महासचिव वा सचिवको अनुपस्थितिमा महासचिव वा सचिवको काम गर्ने ।

(२) बैठकको निर्णय पुस्तिका लेख्ने, संस्थाको प्रशासनिक कार्यमा महासचिव/सचिवलाई सहयोग गर्ने ।
(३) समितिको प्रगति प्रतिवेदन तथा सुन्दरसाथ सदस्यहरूको अभिलेख अध्यावधिक गर्ने गराउने ।
(४) कार्य समितिले तोकिदिएको र महासचिव/सचिवद्वारा सुम्पिएका कामहरू गर्ने ।

**(च) <u>सहकोषाध्यक्षको काम, कर्तव्य र अधिकार</u> :**

(१) कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षको काम गर्ने तथा कोषाध्यक्षको सहयोगी भई काम गर्ने ।
(२) दैनिक आम्दानी खर्चको श्रेष्ता राख्ने तथा राख्न लगाउने ।
(३) मासिक, चौमासिक तथा बार्षिक फाँटवारी तयार गर्ने, गराउने ।
(४) चल अचल सम्पत्ति तथा जिन्सी माल सामानको लगत तथा लेखा दुरूस्त राख्ने, राख्न लगाउने ।
(५) कार्य समिति तथा कोषाध्यक्षबाट सुम्पिएको जिम्मेवारी वहन गर्ने ।

**(छ) <u>सदस्यहरूको काम, कर्तव्य र अधिकार</u> :**

(१) संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक सहयोग गर्ने ।
(२) संस्थाको हितका लागि कार्यक्रम बनाई पेश गर्ने ।
(३) आफूले प्रतिनिधित्व गरेको क्षेत्रको सम्बन्धित उपाध्यक्षसँग समन्वय गरी जिल्ला तथा इकाईहरूलाई आवश्यक सहयोग गर्ने ।
(४) आफ्नो कार्यकालमा कम्तिमा एक पटक आफ्नो क्षेत्रमा भ्रमण गरी सो को प्रतिवेदन उपाध्यक्ष मार्फत पेश गर्ने ।
(५) कार्य समितिबाट सुम्पिएका अन्य जिम्मेवारी वहन गर्ने ।

(ज) **<u>प्रदेश संयोजक तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार:</u>**

प्रदेश समन्वय समितिका संयोजक तथा सदस्यहरूको काम कर्तव्य अधिकार नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ७
## आर्थिक व्यवस्था

**३०. <u>आर्थिक स्रोत :</u>**

(१) संस्थाको आर्थिक स्रोत देहाय बमोजिम हुनेछ ।
(क) सदस्यता शुल्कबाट प्राप्त रकम ।
(ख) संघ, संस्था वा संगठित संस्थाबाट प्राप्त अनुदान वा सहयोग रकम ।
(ग) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।
(घ) कुनै व्यक्तिबाट दान, दातव्य वा सहयोग स्वरूप प्राप्त नगद वा जिन्सी रकम,

(ङ) विदेशी वा अर्न्तराष्ट्रिय संघ संस्था वा एजेन्सीबाट प्राप्त नगद वा अन्य कुनै प्रकारको सहयोग रकम ।

(च) संस्थाको आन्तरिक स्रोत परिचालन तथा कार्यक्रम संचालनबाट संकलित रकम ।

(छ) संस्थाको सम्पत्ति तथा क्रियाकलापबाट आर्जित आम्दानी ।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम सहयोग प्राप्त गर्दा नेपाल सरकार तथा समाज कल्याण परिषद्बाट निर्धारित प्रक्रिया पूरा गरेर मात्र लिइनेछ ।

## ३१. संस्थाको चल, अचल सम्पत्ति सम्वन्धी व्यवस्था :

दफा ३० बमोजिम प्राप्त सबै नगद रकम, जिन्सी वा त्यसबाट प्राप्त सम्पत्ति संस्थाको सम्पत्ति हुनेछ र त्यस्तो सम्पत्तिको अभिलेख प्रचलित लेखामान अनुसार दुरूस्त राखिनेछ । अचल सम्पतिको अभिलेख केन्द्रीय समितिमा समेत राखिने छ ।

## ३२. संस्थाको कोष :

(१) संस्थाको प्रत्येक तहमा छुट्टा छुट्टै कोष रहनेछ र त्यस्तो कोषमा देहायका रकम जम्मा गरीनेछ :-

(क) सदस्यता शुल्कबाट प्राप्त रकम ।

(ख) दान, दातव्य वा सहायता स्वरूप प्राप्त रकम ।

(ग) स्वदेशी वा विदेशी संघ संस्था वा निकायबाट प्राप्त रकम ।

(घ) अनुदान वा सहयोग स्वरूप प्राप्त रकम ।

(ङ) आन्तरिक स्रोत तथा कार्यक्रम संचालनबाट बचत भएको रकम ।

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाको केन्द्रीय स्तरमा श्रीकृष्ण प्रणामी केन्द्रीय कोष स्थापना गर्न सकिनेछ । त्यस्तो कोषमा रहने रकम तथा कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

(३) संस्थाको नाममा प्राप्त रकम संस्थाको नाममा कुनै वाणिज्य वैंक वा वित्तीय संस्थामा जम्मा गरीनेछ ।
"तर प्रतिष्ठित वाणिज्य बैंक वाहेक अन्य बैंक वा वित्तिय संस्थामा रकम जम्मा गर्दा त्यसरी जम्मा गरीएको रकमको सुरक्षा हुने सुनिश्चित गरी कार्य समितिबाट निर्णय गराई मात्र जम्मा गर्नुपर्ने छ ।"

(४) संस्थाद्वारा गर्नु पर्ने सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।
तर कुनै खास उद्देश्य वा कार्यक्रमको निमित्त प्राप्त रकम सोही उद्देश्य वा कार्यक्रममा मात्र खर्च गरीनेछ ।

(५) संस्थाको खाता अध्यक्ष वा महासचिव/सचिव मध्येबाट १ जना र कोषाध्यक्षको अनिवार्य दस्तखत हुने गरी संयुक्त रूपमा संचालन हुनेछ । पहिलो पटक जिल्ला तथा इकाई समितिको नाममा बैंकमा खाता खोल्दा केन्द्रीय समितिको सिफारिस पत्र लिनु पर्ने छ । तत्पश्चात् खाता सञ्चालक परिवर्तन सम्बन्धित समितिको निर्णय अनुसार गर्न सकिने छ ।

(६) यस दफामा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि इकाई समितिले सदस्यता शुल्क वापत प्राप्त गरेको रकमको २० प्रतिशत रकम जिल्ला समितिमा र १० प्रतिशत रकम केन्द्रीय समितिमा पठाउनु पर्नेछ । यस्तो रकम पठाउँदा प्रत्येक वर्ष वैशाख १ गते देखि चैत्र मसान्त सम्मको सदस्यता शुल्क हिसाब गरी सदस्यहरूको नाम, थर, वतन सहितको विवरण समेत अर्को वर्षको आषाढ मसान्त भित्र पठाईसक्नु पर्नेछ ।

(७) यस विधानमा अन्यत्र लेखिएको अतिरिक्त मन्दिर इकाई समितिले वार्षिक चालु आम्दानीमा खर्च कटाई खुद बचत रकम तथा कुनै क्षेत्रीय वा स्थानीय स्तरको कार्यक्रमबाट खुद बचत भएको रकमबाट केन्द्रीय समितिले तोकेको निश्चित प्रतिशत रकम आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र केन्द्रीय कोषमा जम्मा गर्नु पर्नेछ । यो व्यवस्था सदस्य संस्थालाई पनि लागु हुनेछ ।

## ३३. लेखा राख्ने तरीका र ढाँचा :

(१) संस्थाको लेखा केन्द्रीय समितिले तोकिदिएको प्रचलित लेखामान ढाँचा र तरीका बमोजिम राखिनेछ ।

(२) संस्थाको हिसाब किताब र स्रेस्ता अद्यावधिक बनाई राखिनेछ ।

(३) इकाई समितिले प्रत्येक वर्ष भाद्र १५ गते भित्र गत आ.व.को आय व्यय विवरण र वार्षिक कार्य प्रगति विवरण जिल्ला समितिमा पेश गर्नु पर्नेछ र त्यसको एक प्रति केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

(४) जिल्ला समितिले प्रत्येक वर्ष भाद्र मसान्त भित्र जिल्ला समितिबाट भएका कामहरूको कार्य प्रगति विवरण तथा गत आ.व.को आय व्यय विवरण र इकाई समितिबाट प्राप्त विवरण समेत केन्द्रीय समितिमा पेश गर्नु पर्नेछ ।

(५) आय-व्यय विवरण र कार्य प्रगतिको विवरण पेश गर्ने ढाँचा केन्द्रीय समितिले तोकिदिए बमोजिम हुनेछ ।

## ३४. लेखापरीक्षकको नियुक्ति तथा लेखापरीक्षण :

(१) साधारण सभाद्वारा नियुक्त मान्यता प्राप्त लेखापरीक्षकबाट संस्थाको हिसाब किताब लेखापरीक्षण गराईने छ ।

(२) जिल्ला समिति तथा इकाई समितिको लेखापरीक्षण जिल्ला सभाबाट नियुक्त लेखापरीक्षकबाट गराउन सकिनेछ । त्यसरी लेखापरीक्षण गराइएका आय व्यय विवरण तथा कार्य प्रगति विवरण केन्द्रीय समितिमा पेश गर्नु पर्नेछ ।

(३) इकाई समिति, जिल्ला समिति तथा केन्द्रीय समितिको समेत एकीकृत हिसाब (consolidated Account) केन्द्रीय समितिले तयार गर्नेछ । त्यसरी इकाई समिति र जिल्ला समितिबाट प्राप्त विवरण र आफुले गरेको कामको आधारमा संस्थाको वार्षिक प्रगति प्रतिवेदन तथा आय व्यय विवरण केन्द्रीय समितिले तयार गर्नेछ ।

(४) केन्द्रीय समितिद्वारा तयार गरीएको वार्षिक प्रतिवेदन तथा संस्थाको आय व्यय विवरण तथा वासलात र लेखापरीक्षण प्रतिवेदन प्रत्येक वर्ष स्थानीय अधिकारी समक्ष पेश गरीनेछ र त्यसको एक प्रति समाज कल्याण परिषद्मा समेत पेश गरीनेछ ।

## परिच्छेद- ८
## विविध

### ३५. कर्मचारी सम्वन्धी व्यवस्था :

(१) संस्थाको काम कारवाहीको निमित्त कार्य समितिबाट निर्धारण भए बमोजिमको संख्यामा प्रशासकीय तथा प्राविधिक कर्मचारीहरू र विशेषज्ञहरू रहने छन् ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने प्रशासकीय तथा प्राविधिक कर्मचारीहरू र विशेषज्ञको काम, कर्तव्य र अधिकार तथा निजहरूको पारिश्रमिक, सुविधा र सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछ ।

### ३६. संस्था परिषद्सँग आवद्ध हुन सक्ने :

संस्था प्रचलित कानून बमोजिम समाज कल्याण परिषद्सँग आवद्ध हुन सक्नेछ ।

### ३७. निर्वाचन सम्वन्धी प्रक्रिया :

(१) केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यको निर्वाचनको लागि सल्लाहकार समितिले केन्द्रीय समितिसंग परामर्श गरी तीन जना सदस्य रहेका एक निर्वाचन उपसमिति गठन गर्नेछ । जिल्ला तथा इकाईको हकमा सल्लाहकार समिति गठन नभएको भए सम्बन्धित कार्य समितिले माथिल्लो कार्य समितिसंग परामर्श गरी निर्वाचन उपसमिति गठन गर्नुपर्नेछ ।

(२) प्रत्येक तीन बर्षमा हुने कार्य समितिका पदाधिकारी तथा सदस्यको नेतृत्व चयन गर्ने प्रकृया तथा अन्य व्यवस्था साधारणसभाबाट पारित निर्वाचन नियमावली बमोजिम हुनेछ ।

(३) पदाधिकारी निर्वाचित भए पश्चात निर्वाचन उपसमितिले निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्नेछ ।

(४) **सपथ ग्रहण :** प्रत्येक तहका कार्य समितिका पदाधिकारी एवं सदस्यहरूले पद बहाली गर्नु पूर्व अनुसूचि २(क) मा तोकिए बमोजिमको ढांचामा सपथ ग्रहण गर्नु पर्नेछ ।

(५) कुनै कारणबस केन्द्रीय समितिको नेतृत्व चयन गर्न नसक्ने परिस्थिति उत्पन्न भएमा अल्पकालिन व्यवस्थाको रूपमा प्रमुख संरक्षकबाट संरक्षक परिषद् सचिवालय संगको परामर्शमा एक अन्तरिम समिति गठन गरी कार्य संचालन गर्ने व्यवस्था मिलाइने छ । यस्तो समितिले बढीमा ४ (चार) महिना भित्र विधिवत नेतृत्व चयनको व्यवस्थापन मिलाउने प्रमुख जिम्मेवारी हुनेछ ।

### ३८. उम्मेदवारको योग्यता र उम्मेदवारी :

(१) संस्थाको जुन तहको कार्य समितिको निर्वाचनमा उम्मेदवार हुन लागेको हो, सो तहको सभाको सदस्य रहेको व्यक्ति मात्र निर्वाचनमा उम्मेदवार बन्न पाउनेछ ।

तर इकाई वा जिल्ला समितिको अध्यक्षले माथिल्लो तहको कार्य समितिको निर्वाचनमा उम्मेद्वार हुन पाउने छैन ।

(२) क्षेत्रगत उम्मेदवारी अन्तर्गत केन्द्रीय कार्य समितिका उपाध्यक्ष वा क्षेत्रगत सदस्यका लागि क्षेत्रगत उम्मेदवारी दिँदा सम्बन्धित क्षेत्रबाट केन्द्रीय प्रतिनिधि निर्वाचित भएको व्यक्ति र व्यक्तिगत उम्मेदवारी भए सम्बन्धित क्षेत्रमा बसोबास भएको व्यक्ति हुनुपर्नेछ ।

(३) संस्थाका सदस्य नरहेका श्रीकृष्ण प्रणामी समाजबाट स्थापित कुनै अर्को संस्थाको कार्य समितिमा रहेको व्यक्ति सेवा समितिको कुनै पनि तहको कार्य समितिको पदमा उमेद्वार हुन पाउने छैन । त्यस्तो प्रमाणित भए उम्मेद्वारी तथा निर्वाचित पद रद्ध हुनेछ ।

## ३९. <u>राजिनामा दिने :</u>

(१) कार्य समितिका पदाधिकारीहरू राजिनामा दिई पदबाट अलग हुन सक्ने छन् ।

(२) उपदफा (१) बमोजिम राजिनामा दिँदा स्थानीय इकाई कार्य समितिका अध्यक्षले जिल्ला कार्य समितिको अध्यक्षलाई, जिल्ला कार्य समितिका अध्यक्षले केन्द्रीय कार्य समितिको अध्यक्षलाई र केन्द्रीय कार्य समितिको अध्यक्षले प्रमुख संरक्षकलाई र अन्य पदाधिकारीहरूले सम्वन्धित तहको अध्यक्षलाई सम्वोधन गरी दिनुपर्नेछ । केन्द्रीय कार्य समितिको अध्यक्षको राजिनामा प्रमुख संरक्षकले निर्णयार्थ केन्द्रीय कार्य समितिमा पठाउनु हुनेछ । आफूलाई प्राप्त राजिनामा अध्यक्षले सम्बन्धित कार्य समितिमा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त राजिनामा स्वीकृत गर्ने अधिकार सम्बन्धित कार्य समितिलाई हुनेछ, तर केन्द्रीय अध्यक्षको राजिनामा स्वीकृत गर्दा प्रमुख संरक्षकको सहमति आवश्यक हुनेछ ।

## ४०. <u>अविश्वासको प्रस्ताव :</u>

(१) कार्य समितिका कुनै पदाधिकारीलाई कार्य समितिबाट हटाउनु पर्ने अविश्वासको प्रस्ताव भएमा सम्वन्धित साधारण सभाका कम्तीमा बीस प्रतिशत सदस्यहरूले हस्ताक्षर गरी लिखित प्रस्ताव पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव केन्द्रीय अध्यक्ष उपर भए सो प्रस्ताव प्रमुख संरक्षक समक्ष, अन्य कार्य समितिका अध्यक्ष उपर भए सो प्रस्ताव केन्द्रीय अध्यक्ष समक्ष र अन्य पदाधिकारी तथा सदस्य उपरको अविश्वासको प्रस्ताव भएमा त्यस्तो प्रस्ताव सम्बन्धित कार्य समितिको अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्ताव पेश भएमा त्यस्तो प्रस्ताव प्राप्त भएको २१ दिन भित्र केन्द्रीय अध्यक्ष उपरको प्रस्ताव भए प्रमूख संरक्षकले, अन्य कार्य समितिका अध्यक्षको हकमा केन्द्रीय अध्यक्षले र अन्य पदाधिकारी उपरको अविश्वासको प्रस्ताव भएमा सम्बन्धित कार्य समितिका अध्यक्षले साधारण सभाको बैठक बोलाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम बोलाईएको साधारण सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यले अविश्वासको प्रस्तावको पक्षमा मतदान गरेमा प्रस्ताव पारित भएको मानिनेछ र त्यस्तो पदाधिकारीलाई पदबाट हटाईनेछ, तर उचित सफाई दिने मौका दिईनेछ । केन्द्रीय अध्यक्षले बोलाई दिएको साधारण सभामा अध्यक्षले प्रतिनिधि पठाउन सक्नेछ ।

## ४१. विधानमा संशोधन :

(१) यस विधानमा संशोधन गर्नु पर्ने भएमा सोको विशेष प्रस्ताव केन्द्रीय समिति मार्फत केन्द्रीय साधारण सभामा पेश गर्नु पर्ने छ ।

(२) उपदफा (१) वमोजिम प्रस्ताव केन्द्रीय साधारण सभामा उपस्थित सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले सो प्रस्ताव पारित गरेमा विधानमा संशोधन गरीनेछ तर त्यस्तो संशोधन स्थानीय अधिकारीको स्वीकृति प्राप्त भएपछि मात्र लागू हुनेछ ।

## ४२. निष्क्रिय हुने :

यस विधानमा लेखिएका कुनै कुरा प्रचलित नेपाल कानूनसँग बाझिएमा त्यसरी बाझिएका कुराहरू बाझिएको हदसम्म मात्र निष्क्रिय हुनेछन् ।

## ४३. संस्थाको विघटन :

कुनै मनासिव कारणबाट संस्था विघटन भएमा संस्थाको सम्पूर्ण सम्पत्ति र जायजेथाको स्वामित्व संस्था ऐन-२०३४ अनुसार नेपाल सरकारको हुनेछ ।

## ४४. नियम तथा विनियम वनाउने अधिकार :

यस विधान बमोजिम संस्थाको उद्देश्य कार्यान्वयन गर्न गराउन केन्द्रीय समितिले आवश्यक नियम तथा विनियमहरू बनाई लागूगर्न सक्नेछ ।

## ४५. खारेजी र वचाउ :

(१). यो विधान स्थानीय अधिकारीबाट स्वीकृति प्राप्त भएको मितिदेखि यस भन्दा अघि समय समयमा संशोधन भई कायम रहेको श्रीकृष्ण प्रणामी सेवा समितिको विधान खारेज भएको मानिने छ ।

(२) यस भन्दा अघि कायम रहेको विधान खारेज भई यो विधान लागू भएपछि मिति २०२३।०९।०५ मा दर्ता भई श्रीयुगलदास महाराजजीबाट स्थापना भएको श्रीकृष्ण प्रणामी सेवा समिति यसै विधान बमोजिम स्थापना भएको मानिने छ ।

(३). यस भन्दा अघि कायम रहेको विधान खारेज भई यो विधान लागु भएपछि तत्काल कायम रहेको श्रीकृष्ण प्रणामी सेवा समितिका सम्पूर्ण हक, अधिकार तथा दायित्व र सम्पत्ति यस विधान बमोजिम श्रीकृष्ण प्रणामी सेवा समिति नेपालमा सरेको मानिने छ र श्रीकृष्ण प्रणामी सेवा समिति नेपालले गरीरहेका कामहरू सो विधान खारेज नभए सरह चालु रहने छ ।

(४) यो विधान लागू भई यस विधान बमोजिमका समिति तथा निकायहरूको गठन नभएसम्म यस अघि कायम रहेको विधान बमोजिम गठित कार्य समितिले यसै विधान बमोजिम काम गर्ने छ । तर यो विधान स्वीकृत भएको एक वर्ष भित्र यस विधान बमोजिम गठन गर्नुपर्ने समिति तथा निकाय गठन गरीसक्नु पर्नेछ ।

**४६. अन्य :**

यो संस्था पूर्णरूपले धार्मिक, शैक्षिक तथा सामाजिक संस्था हो । यो संस्था नाफा कमाउने उद्देश्य नभएको संस्था भएकोले यस संस्थालाई प्राप्त सबै आय तथा सम्पत्ति संस्थाको हित र संस्थाको उद्देश्य प्राप्तिमा मात्र प्रयोग गरीनेछ ।

**!!! प्रणाम !!!**

आठौ संशोधित एकिकृत विधानमा दस्तखत गर्ने पदाधिकारी सदस्यहरू :

| क्र.सं. | पद | पदाधिकारीको नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री श्यामकृष्ण शर्मा | बालुटार काठमाण्डौ | |
| २ | निबर्तमान अध्यक्ष | श्री श्याम के.सी. | जावलाखेल, ललितपुर | |
| ३ | उपाध्यक्ष | श्री कल्याणकुमार कार्की | पोखरा सयलापाखा, कास्की | |
| ४ | उपाध्यक्ष | श्री रेशमराज ढकाल | पानीपोखरी काठमाण्डौ | |
| ५ | उपाध्यक्ष | श्री नगेन्द्रबहादुर खड्का | औरी, बर्दिया | |
| ६ | उपाध्यक्ष | श्री शारदाप्रसाद थपलिया | बिर्तामोड, झापा | |
| ७ | उपाध्यक्ष | श्री रामकृष्ण तिवारी | हेटौडा मकवानपुर | |
| ८ | उपाध्यक्ष | श्री कृष्णप्रसाद बजगाई | बिर्तामोड, झापा सत्संग प | |
| ९ | उपाध्यक्ष | श्री पूर्णप्रसाद ढकाल | प्रतिष्ठान इटहरी | |
| १० | महासचिव | श्री नवराज कोइराला | टंकिसिनवारी, मोरङ | |
| ११ | कोषाध्यक्ष | श्री होमनाथ बराल | कोटेश्वर, काठमाण्डौ | |
| १२ | उपमहासचिव | श्री भोलानाथ दाहाल | नजरपुर, रौतहट | |
| १३ | सहकोषाध्यक्ष | श्री असोककुमार थापा | इमाडोल, ललितपुर | |
| १४ | सदस्य | श्री गोपालकृष्ण संजेल | भैमाल, काठमान्डौ | |
| १५ | सदस्य | श्री टिकादत्त बराल | टिकौली, चितवन | |
| १६ | सदस्य | श्री भक्तिप्रसाद सापकोटा | बिरेन्द्रनगर, सुर्खेत | |
| १७ | सदस्य | श्री सुदर्शनप्रसाद सापकोटा | नजरपुर, रौतहट | |
| १८ | सदस्य | श्री बद्रिप्रसाद ओली | तनहुदेवघाट चितवन | |
| १९ | सदस्य | श्री मुरलिकृष्ण खनाल | नवलपरासी बर्दघाट | |
| २० | सदस्य | श्री कौशिला दंगाल अधिकारी | काठमान्डौ | |
| २१ | सदस्य | श्री चन्द्र डाँगी | बिर्तामोड, झापा | |

| | | | | |
|---|---|---|---|---|
| २२ | सदस्य | श्री जीबनाबादे श्रेष्ठ | बनेपा, काभ्रे | |
| २३ | सदस्य | श्री रामाज्ञप्रसाद साह | कलैया, बारा | |
| २४ | सदस्य | श्री नमराज ढकाल | नुवाकोट, हाल काठमाण्डौ | |
| २५ | सदस्य | श्री केदारप्रसाद तिमल्सिना | सातदोबाटो ललितपुर | |
| २६ | सदस्य | श्री बासुदेव थापा | दहचोक, काठमाण्डौ | |
| २७ | सदस्य | श्री अर्जुनप्रसाद वाग्ले | हेटौडा, मकवानपुर | |
| २८ | सदस्य | श्री श्यामप्रसाद बराल | जिरौना, चितवन | |
| २९ | सदस्य | श्री सुधाम के.सी | भक्तपुर | |
| ३० | सदस्य | श्री दिवाकर संजेल | भैमाल, काठमाण्डौ | |
| ३१ | सदस्य | श्री तुलसीकुमारशर्मा भट्टराई | सलकपुर, मोरङ | |
| ३२ | सदस्य | श्री मालती ओभ्रा | कास्की, हाल काठमाण्डौ | |
| ३३ | सदस्य | श्री लिलाराम भारती | भुरिगाउ, बर्दिया | |
| ३४ | सदस्य | श्री केशवप्रसाद अधिकारी | भरतपुर, चितवन | |
| ३५ | सदस्य | श्री गोकुल रिजाल | नवतनधाम, काठमान्डौ | |
| ३६ | सदस्य | श्री शारदा गौतम भट्टराई | अत्तरीया, कैलाली | |
| ३७ | सदस्य | श्री दामोदरप्रसाद अर्याल | राधाकृष्ण सेवा संस्था | |
| ३८ | सदस्य | श्री राजेन्द्र देउजा | जडिबुटी काठमाण्डौ | |
| ३९ | सदस्य | श्री रोमन कट्टेल | बिराटनगर मोरङ | |
| ४० | सदस्य पदेन यु.प. | श्री जगदिशचन्द्र शर्मा | जिरौनाँ, चितवन | |
| ४१ | सदस्य पदेन बामस. | श्री शारदा पुडासैनी शर्मा | बालुवाटार, काठमाण्डौ | |

**!!! प्रणाम !!!**